मधेशदृष्टिमा
विज्ञापनका लागि
सम्पर्क नं.:
9808835198
9802592799
9803474311
9854028218

नजर हमर

राष्ट्रिय दैनिक

मधेशदृष्टि

www.emadheshdristi.com

Madheshdristi National Daily

पूर्ण समानुपातिक निर्वाचन प्रणालीको अभ्यासमा तत्काल जुट्नुपर्छः वामदेव गौतम



पृष्ठ ५ मा

● वर्ष ३ ● अंक १६३ ● २०८२ साल वैशाख १४ गते आइतबार ● Sunday 27, April 2025 ● सूर्योदयः बिहान ५:३० बजे ● सूर्यास्तः साँझ ६:३६ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

कांग्रेस तयार होला त माओवादीसँग मिलेर सरकार बदल्न ?







मधेशदृष्टि
काठमाडौँ ।

सत्ता साझेदार नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा उपचारमा विदेश गएदेखि नै नेपालमा सत्ता परिवर्तनको चर्चा चलाइएको छ । सत्ता फेरबदलका लागि दुई विकल्प छन्, 'एउटाः केपी शर्मा ओलीले सत्ताको काँध फेर्नु पर्छ, अर्को नेपाली कांग्रेसले सत्ता गठबन्धन गरिरहेको एमालेलाई छाड्नुपर्छ ।'

'१५ महिनापछि शेरबहादुर देउवा प्रधानमन्त्री बन्नुहुनेछ,' एमाले अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्माले दोहोर्याएका छन्, 'सत्ता अहिले फेरिन्न ।' हो पनि । यो सबैभन्दा बलियो र बहुमत भएको सरकार हो । तर सरकार बनेदेखि नै बदलिन्छ, गठबन्धन बदलिन्छ भन्ने नेताहरुको बोलीमा एमाले र कांग्रेसमध्ये एउटा 'ब्याक' नभएसम्म केही हुनेवाला छैन । यतिखेर भने उपचारको फलोअपबाट फर्किएपछि कांग्रेस सभपति शेरबहादुर देउवाले गठबन्धन बदल्ने र ढिलोचाँडो एमाले एक्लो पर्ने भनेर चर्चा गरिएको छ । यो चर्चा सबैभन्दा बढी माओवादी केन्द्रले गरिरहेको छ । यसको राजनीतिक लाभ माओवादीलाई कति छ ? तर माओवादीको यो रटान नयाँ चैं होइन, उसले कांग्रेस मनाउने भगिरथ प्रयासको अहिलेसम्म नतिजा निकाल्न सकेको छैन । एकातिर नेपाली कांग्रेसमा महाधिवेशनको चटारो छ । अर्कातिर आलोपालो प्रणालीमा प्रधानमन्त्री र ३ मुख्यमन्त्रीको शासन नजिकिएको छ । यस्तोबेला कांग्रेस एमालेलाई धोका दिन तयार होला र ? माओवादीसँग नजिक भनेको नेकपा एकीकृत समाजवादी पार्टी र राष्ट्रिय स्वतन्त्र पार्टी मात्रै हो । सत्तामै रहेका जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टी एक हुँदैछन् । जसपा नेपाल सरकारसँगै छ । सरकारमै भए पनि कतै पनि सत्तामा सहभागी नभएको जनता समाजवादी पार्टी नेपालको माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डसँग सम्बन्ध सुधार हुनसकेको छैन ।

प्रचण्ड प्रधानमन्त्री हुँदा नै उपेन्द्र यादव विदेशमा हुँदा पार्टी विभाजन गराइएको हो । माधवकुमार नेपालले पनि प्रचण्ड र यादवको सम्बन्ध सुधार गर्न सकेका छैनन् ।

यता, नेकपा एकीकृत समाजवादीले पनि तत्काल माओवादीसँग मिलेर अघि बढ्न कठिन हुने निष्कर्ष निकालेको छ । सहकारी प्रकरणमा डामिएका रवि लामिछानेको रास्वपाको साथ भए पनि राजावादी आन्दोलनको अगुवा राप्रपासँग पनि माओवादीको सहकार्य कठिन छ । अहिलेको गठबन्धनप्रति कठोर राप्रपा माओवादीप्रति पनि लचक छैन ।

यस्तो बेला कसरी सरकार बदलिन्छ ? सिके राउत र रेशम चौधरी एकाकार हुँदा एमालेसँग अशोक राईको जसपा पनि निकट छ । पछिल्लो समय एमाले अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओली पत्रकार कमल कोइरालालाई श्रद्धाञ्जली अर्पण गर्न नेकपा एकीकृत समाजवादी पार्टी कार्यालय पुग्नु र समाजवादीले पनि माओवादीले अस्तित्व नस्वीकार्ने भएकाले मिल्न कठिन भनिरहेको अवस्थामा माओवादीले कांग्रेस फकाएर सत्ता फेरबदलको प्रयास मात्रै गरेको हो कि साँच्चै सफल हुनेछ, यो महिना देखिनेछ । जेठ १५ अगावै सत्ता बदलिन्छ भनेर चलाइएको राजनीतिक हल्लामा माओवादीको चाहना भन्दा कांग्रेसको कदम निर्णायक हो । कांग्रेसले केही बोलेको छैन । बोल्न पनि सक्दैन, तर पछिल्लो सयम गठबन्धन कांग्रेसका नेताहरुलाई भारी हुँदै गएको, सहनु परेको र कांग्रेसकै कारण गठबन्धन नभत्किने जस्ता प्रतिक्रियाले गठनबन्धनमा केही गडबडी भने देखिन्छ । हालै प्रधानमन्त्री केपी शर्मा ओलीले ऊर्जा राज्यमन्त्री पूर्णबहादुर तामाङलाई हटाएपछि कांग्रेस केही क्रुद्ध पनि छ । तर सत्ता बदल्दा सभापति शेरबहादुर देउवा वा नेता शेखर कोइराला को प्रधानमन्त्री हुने भन्ने कांग्रेसमा पनि किचलो कम छैन । कांग्रेस आन्तरिक जोडघटाउमा व्यस्त भएको पनि हुनसक्छ ।

एमाले संसदीय दलको चार निष्कर्ष

काठमाडौँ ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदीय दलको शनिबार बसेको बैठकले चारबुँदे निष्कर्ष निकालेको छ ।

बानेश्वरस्थित संसद् भवनमा बसेको बैठकले संसदीय काम र जिम्मेवारीलाई प्राथमिकतामा राखी कुशलता र सक्रियताका साथ कार्यसम्पादन गर्न संसदीय दलको नेता तथा प्रधानमन्त्रीबाट सम्पूर्ण सदस्यलाई निर्देशन गर्ने निष्कर्ष निकालेको छ ।

मुलुकको राष्ट्रियता, स्वाधीनता, सार्वभौमिकता, राष्ट्रिय एकता, सामाजिक सद्भाव र सहिष्णुताप्रति सदैव चनाखो रहँदै जनसरोकार र राष्ट्रिय महत्वका नीति, योजना र विषयलाई संसद्मार्फत सशक्त ढङ्गले उठान गर्ने बैठकले निष्कर्ष निकालेको पार्टीका मुख्य सचेतक महेश बर्तौलाले जानकारी दिए ।

उनका अनुसार बैठकले संसद्मा छलफलमा रहेको विद्यालय शिक्षा विधेयक, सङ्घीय निजामती विधेयकलगायत र अन्य विचाराधीन विधेयकलाई गुणस्तरीय कानून बनाउने गरी यथाशीघ्र निष्कर्षमा पु¥याउन एमाले संसदीय दल र सदस्यहरूले प्रभावकारी पहलकदमी लिने निष्कर्ष निकालेको हो । मुख्य सचेतक बर्तौलाले भने, 'संसद्मा हुन सक्ने संसदीय मूल्य मान्यता, संस्कृति र नियमावली विपरीत हुने क्रियाकलापको विपक्षमा सदैव उभिँदै संसद्लाई स्वच्छ, मर्यादित र सिर्जनशील तथा रचनात्मक बहसको थलोका रूपमा स्थापित गर्दै अगाडि बढाउन जीवन्त भूमिका निर्वाह गर्ने निर्णय गरेको छ ।'

जनमत र नागरिक उन्मुक्तिबीच एकता घोषणा हुँदै



मधेशदृष्टि
काठमाडौँ ।

जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीबीच वैशाख १७ गते पार्टी एकीकरण घोषणा हुने भएको छ ।

जनमत पार्टीका प्रवक्ता डा. शरदसिंह यादवले पार्टी एकीकरणको मिति तय भएको जानकारी दिए ।

उनका अनुसार पार्टी एकीकरणका विषयमा थप छलफलका लागि पार्टीको केन्द्रीय कार्यकारिणी समितिको बैठक वैशाख १६ गते मङ्गलबार बोलाइएको छ । बेलुका ६ बजे मध्यबानेश्वरस्थित पार्टीको केन्द्रीय कार्यालयमा बस्ने बैठकमा आआफ्नो नागरिकता र मतदाता परिचय पत्र लिएर उपस्थित हुन जनमतले नेताहरुलाई सूचित गरेको छ ।

बुधबार नेपाल प्रज्ञा प्रतिष्ठानमा हुने पार्टी एकता घोषणा कार्यक्रममा सबै केन्द्रीय सदस्य, भ्रातृ तथा शुभेच्छुक सङ्गठनका सदस्यसहित उपस्थित हुन जनमतले आमन्त्रण गरेको हो । एकीकरणपछि बन्ने पार्टीको नाम, पार्टीको झण्डा, पार्टीको नेतृत्वमा पनि करिब सहमति बनिसकेको नेताहरुले बताएका छन् ।

नयाँ पार्टीको नाम नागरिक जनमत पार्टी टुङ्गो लागेको छ । एकीकरणपछि बन्ने पार्टीको अध्यक्षमा हालका जनमत पार्टीका अध्यक्ष सिके राउत रहने समझदारी बनेको छ भने नागरिक उन्मुक्ति पार्टीका संरक्षक रेशम चौधरी नयाँ पार्टीको पनि संरक्षक रहने र सहअध्यक्ष नागरिक उन्मुक्तिका अध्यक्ष रञ्जिता श्रेष्ठ रहने छिन् । २०७७ मा सिके राउतको नेतृत्वमा जनमत पार्टी र २०७८ पुस १९ गते नागरिक उन्मुक्ति पार्टी गठन भएको थियो । संसदमा जनमतका छ र नागरिक उन्मुक्ति पार्टीका चार सांसद छन् ।

छुवाछुतमा केही कमी, सोच र विभेदमा आएन सुधार



वीरेन्द्र रमण
जनकपुरधाम ।

एकात्मक राज्य व्यवस्थाबाट मुलुक संघीयतामा गएको छ तर अहिले पनि तराईमा बसोबास गर्दै आएका दलित समुदायको दिनचर्यामा खासै परिवर्तन आउनसकेको छैन । मुलुकमा आएको आमूल परिवर्तनसँगै देश विकासको पथमा अग्रसर भइरहेको अवस्थामा अहिले पनि समाजमा कथितरुपमा रहेको तल्लो जातिलाई हेप्ने र छुवाछुत गर्ने प्रथा यथावतै छ ।

तराई मधेशमा सबैभन्दा सानो भन्ने गरिएको जातिका रुपमा रहेको डोम समुदायलाई अहिले पनि सामाजिक रुपमा विभेद जारी छ । मुलुकमा आएको परिवर्तन उनीहरुका लागि कागको लागि बेल पाके झैं हर्ष र बिस्मात भएको छ । उनीहरु अहिले पनि सामाजिक रुपमा अपहेलित भएर जीवन जिउन बाध्य छन् । जनकपुरधाम उपमहानगर पालिकाकी निर्मला देवीले आफूहरु बजारमा चिया खान जाँदासमेत प्लाष्टिकको कपमा चिया दिने गरेको बताउँदै छुट्टै बसाउने गरेको बताइन् । उनले शहर बजारमा त्यति विभेद नगरिए पनि गाउँघरमा अहिले पनि छुवाछुत व्याप्त रहेको बताइन् । उनले भनिन्, 'अहिले पनि छुवाछुत हुने गरेको छ तर पहिला भन्दा कमी आए पनि यसमा कमी भने खासै नआएको अनुभव छ ।' सामाजिक परिवर्तन उनीहरुले अनुभूति गर्ने कुरा त परै जाओस्, राज्यले दिन गरेको सेवासुविधासमेत पुग्न सकेको छैन । उनीहरु अहिले पनि समाजमा हेपिएर बस्नुपर्ने बाध्यता छ । सामाजिक विभेदको सिकार झेल्दै आएको भए पनि समस्याप्रति कुनै पनि निकायको ध्यान पुग्न सकेको छैन । सामाजिक रुपमा विभेदको सिकार बन्दै आएको समुदायको उत्थानको लागि कुनै पनि प्रयास भएको देखिदैँन ।

जनकपुर उपमहानगरपालिका–१६ गरेर मधेश प्रदेशमा जातीय छुवाछुतलाई सामाजिक अपराध मान्नुको साटो सामान्य घटनाको रुपमा लिने गरेका कारणसमेत दलित समुदाय विभेद र अपमानित भएर बस्नु पर्ने बाध्यता छ । दलित विकास समिति मधेश प्रदेशका उपाध्यक्ष राम प्रवेश बैठाले अहिले



का सरोज मरिकले कक्षा १२ सम्म पढेका छन् । त्यो पढाइ गर्नसमेत उनले निकै संघर्ष गर्नु परेको अवस्था थियो । सामाजिक विभेदका कारण विभिन्न प्रकारका समस्या झेल्दै आए । उनले विद्यालय जाँदासमेत शिक्षकहरुको व्यवहार सकारात्मक नपाएको अनुभव रहेको बताए । उनले भने, 'पहिला त शिक्षकहरुले विद्यार्थीसँग पानी माग्ने गरेको अन्य जातिले दिएपछि खाने आफूहरुले दिँदा नखाने गर्थे ।' उनले भने, 'शुरुमा धेरै अपमान भोगेको थिए, अहिले केही सुधार आएको छ तर जुनरुपमा सुधार आउनुपर्ने हो, त्यसअनुसारले आउनसकेको छैन ।'

सरकारी कर्मचारीको असहयोगका कारण जातीय छुवाछुत अहिले पनि समाजमा देखा परेको छ । खास पनि दलितहरु अपमानित भएर जीवन जिउन बाध्य रहेको बताउँछन् । उनले छुवाछुतमा कमी आए पनि अहिले पनि ग्रामीण भेगमा समेत छुवाछुत हुने गरेको बताए । बैठाले उनीहरुलाई कानूनअनुसार कारबाही नगरिएकाले ग्रामीण भेगमा अहिले पनि छुवाछुत यथावत रहेको बताए ।

जातीय छुवाछुत सामाजिक कलंकका रुपमा गडेको छ । यसलाई हटाउन सबै पक्षको उत्तिकै आवश्यकता छ । विषेश गरेर राजनीतिक दलहरु र स्थानीय समुदायको सहयोग खाँचो छ । यसका लागि सामाजिक जागरण आवश्यकता छ । मधेशमा सबैभन्दा बढी दलितको संख्या १५.३५ प्रतिशत छ ।

भर्नामा मनपरी शुल्क र पाठ्यपुस्तक परिवर्तनले हैरानी





मनोज माझी
राजविराज ।

मनपरी शुल्क वृद्धि, वर्षैपिच्छे पाठ्यपुस्तक परिवर्तन तथा प्रत्येक वर्ष भर्ना शुल्कका नाममा अधिकांश निजी तथा आवासीय विद्यालयले ठग्न थालेको भन्दै अभिभावकले यस्ता कार्य तत्काल रोक्न माग गरेका छन् ।

शिक्षासम्बन्धी नियमावली–२०७७ को नियम ५ मा उल्लेख भएबमोजिम निजी विद्यालयले विद्यालयमा एकपटक भर्ना भएका विद्यार्थीलाई अर्को वर्ष भर्ना शुल्क लिन नपाउने व्यवस्था छ । तर, व्यवस्थाको खिल्ली उडाउँदै यहाँका अधिकांश विद्यालयले विद्यार्थीसँग धमाधम भर्ना शुल्क लिइरहेको र सरोकारवाला निकाय मौन बसेको गुनासो गर्दै अभिभावकले यस्तो माग गरेका हुन् ।

राजविराज–७ का रामाकान्त साहले स्थानीय ह्यापील्यान्ड सेकेन्डरी स्कुलमा १० कक्षामा अध्ययनरत छोरासँग विद्यालयले 'एनुअल (वार्षिक) शुल्क' तीन हजार रुपैयाँ, परीक्षा शुल्क दुई हजार पाँच सय रुपैयाँ, मासिक शुल्क तीन हजार नौ सय रुपैयाँ र कम्प्युटर शुल्क तीन सय ५० रुपैयाँसहित नौ हजार सात सय पचास रुपैयाँ लिएको गुनासो गरे ।

यस्तै, गुनासो राजविराज–५ का सावित्री झा, राजेश झा, राजविराज–८ का रमेश श्रेष्ठ, राजविराज– ४ का भोला अन्सारीलगायत दर्जनौँ अभिभावकले मधेशदृष्टिसँग गरे । अर्का अभिभावक राजविराज–३ का मो.जाकिर हुसैनले अधिकांश निजी तथा आवासीय विद्यालयले शिक्षा नियमावलीको नियम ५ र निशुल्क शिक्षासम्बन्धी ऐन, दफा ५ को उपदफा ३ को व्यापक उल्लंघन गरेको भन्दै यसतर्फ अख्तियार दुरुपयोग अनुसन्धान आयोगको समेत ध्यान पुग्नुपर्ने बताए ।

यतिमात्र होइन । प्रत्येक वर्ष पुस्तक प्रकाशन संस्थाबाट पाइने कमिसनका लोभमा पाठ्यपुस्तक परिवर्तन गर्ने कार्यले आफूहरुमाथि थप आर्थिक भार पार्ने काम भएको अभिभावकको गुनासो छ । राजविराज–४ का अभिषेक साहले निजी विद्यालयमा ४ कक्षामा पढने छोराका लागि एक सेट पुस्तक किन्दा चार हजार रुपैयाँ तिर्नु परेको बताए । सरकारी विद्यालयमा ४ कक्षामा पढ्ने विद्यार्थीलाई निःशुल्क पुस्तक उपलब्ध हुने भए पनि निजी विद्यालयमा पढ्ने विद्यार्थीका लागि चार हजार रुपैयाँ पुस्तकमै मात्र खर्चिनु पर्दा आफूहरु समस्यामा पर्ने गरेको उनले पीडा पोखे । केही निजी विद्यालयले त 'फलानो पुस्तक पसलबाट पुस्तक किन्नू' भन्दै विद्यार्थीलाई बुक लिस्ट दिने गरेको अर्का अभिभावक श्याम शर्माले सुनाए ।

प्रकाशन गृहबाट मोटो रकम कमिशनबापत लिने शर्तमा कमिसन प्रदान गर्ने प्रकाशन गृहको पुस्तक लगाउने काम खुलेआम भएको उनको भनाइ छ । कतिपय विद्यालयले त पाठ्क्रम विकास केन्द्रबाट स्वीकृति प्रदान नगरिएका पाठ्यपुस्तकसमेत आफूखुशी लगाएको अभिभावक उमाशंकर साहको भनाइ छ । यसका अतिरिक्त सरकारले निर्धारण गरेको भन्दा दुई गुणा बढीसम्म पुस्तक किन्न लगाएर कलिला बालबालिकालाई पुस्तकको भारी बोकाएर भरिया बनाउने कामसमेत गरिरहेको अभिभावकको गुनासो छ । अनुगमन गर्ने निकाय मौन रहनाले यस्ता गतिविधि गर्नेहरु हौसिएको भन्दै अभिभावकले अविलम्ब सरोकारवाला निकायले ध्यान दिनुपर्ने बताएका छन् ।

कलैयास्थित निजी स्वास्थ्य संस्थामा मुख्यमन्त्री सिँहको अनुगमन१२ अस्पताल बन्द गर्न निर्देशन



मधेशदृष्टि
जनकपुरधाम ।
बारा सदरमुकाम कलैयामा स्थानीय तहबाट सेवा सञ्चालन अनुमतिपत्र प्राप्त गरे पनि मापदण्डअनुसार सञ्चालनमा नरहेका छवटा तथा सेवा सञ्चालन अनुमतिपत्र नलिएका छवटा गरी १२ वटा स्वास्थ्य संस्थालाई बन्द गर्न मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिँहले निर्देशन दिएका छन् ।

प्रदेशको स्वास्थ्य तथा जनसँख्या मन्त्रालयका अधिकारीसहित शनिबार कलैयास्थित निजी स्वास्थ्य संस्था अनुगमन गरेका सिँहले मापदण्डअनुसार तथा अनुमतिपत्र लिई मन्त्रालयको अनुगमन गराएर मात्र सुचारु गर्ने भन्दै ती स्वास्थ्यसंस्थाहरूलाई बन्द गर्न निर्देशन दिएका हुन् ।
जनस्वास्थ्य नियमावली २०७७ अनुसार स्थानीय तहले ५ देखि १५ शय्यासम्मको अस्पतालको सेवा सञ्चालन अनुमति दिनसक्छ । त्यसरी सेवा सञ्चालन अनुमति लिएका स्वास्थ्य संस्थाले समान्य चिकित्सा, सामान्य शल्यक्रिया, स्त्री तथा प्रसूति, बाल तथा शिशु सेवा, सामान्य दन्त सेवा, आकस्मिक सेवा, आधारभूत शल्यक्रिया सेवा, आकस्मिक प्रयोगशाला तथा रक्तसञ्चार, निदानात्मक सेवा, प्रयोगशाला सेवा, रेडियो इमेजिङ सेवा, फार्मेसी सेवा र मेडिकोलिगल सेवा उपलब्ध गराउने कानुनी प्रावधान छ ।
तर, स्थानीय तहबाट १५ शय्याका लागि सेवा सञ्चालन अनुमति लिएका कलैयाका योगशीला हस्पिटल प्रालि, कलैया सब मेट्रोसिटी हस्पिटल प्रालि, कलैया हस्पिटल प्रालि, समाज प्रसूति तथा जेनरल हस्पिटल प्रालि, राजलक्ष्मी रिलिफ हस्पिटल प्रालि र आशीर्वाद हस्पिटल प्रालिले २५ देखि ५० शय्यासम्मका अस्पतालले प्रदान गर्न पाउने हाइ डेपेडेन्सी युनिट(एचडियु), सघन उपचार कक्ष(आइसियु), एसएनसियु तथा ठूला शल्यक्रिया सेवा सञ्चालन गरिरहेका पाइएको छ ।
२५ देखि सय शय्यासम्मको स्वास्थ्य संस्था सञ्चालनका लागि प्रदेश सरकारबाट सञ्चालन अनुमति लिने प्रावधान छ ।
प्रदेशको स्वास्थ्य तथा जनसँख्या मन्त्रालयका जनस्वास्थ्य अधिकृत सन्तोष ठाकुरले स्थानीय तहबाट सेवा सञ्चालन अनुमति लिएका ती छवटा स्वास्थ्य संस्थाले निर्धारित सेवा उपलब्ध नगराई २५ शय्याभन्दा बढी अस्पतालले दिनसक्ने सेवा सञ्चालन गरिरहेकाले बन्द गर्न निर्देशन दिइएको जानकारी दिए ।
उनका अनुसार शनिबारको अनुगमनक्रममा स्वास्थ्य संस्था अनुमतिपत्र प्राप्त ननगरेका रारा हस्पिटल प्रालि, राजकुमारी पोलीक्लिनिक प्रालि, न्यू जीवनज्योति डेन्टल क्लिनिक, राम हेल्थ क्लिनिक, कृष्णा डेन्टल क्लिनिक र स्टार डेन्टल क्लिनिकलाई समेत बन्द गर्ने निर्देशन दिइएको छ ।

३ मोटरसाईकलसहित भन्सार छलीको समान पक्राउ

मधेशदृष्टि
रौतहट ।
जिल्ला प्रहरी कार्यालय रौतहट तथा मातहतका युनिटहरुले चेकजाँचको क्रममा ३ थान मोटरसाईकल र ४ साईकल सहीत लाखौँ मूल्य बराबरको भन्सार छलीको सामान बरामद गरेको छ ।
सीमावर्ती भारतीय बजारबाट करिदगरी भित्रयाइँदै गरेको तिनलाख १९ हजार ४५० रुपैयाँ बराबरको कपडा, किराना, कस्मेटिक्स सहित उक्त सवारी साधन जिल्ला प्रहरी तथा मातहतबाट गएको गस्ती टोलीले बरामद गरेको जिल्ला प्रहरीका सहप्रवक्ता इन्स्पेक्टर उमाशंकर प्रसाद ले न्युज कारखाना लाई बताएका छन्। बरामद सामान सहित सवारी साधन आवशयक कारवाहीको लागि शुक्रवार जिल्ला भन्सार कार्यालय गौरमा बुझाईएको जिल्ला प्रहरी कार्यालय रौतहटको सूचनामा उल्लेख गरिएको छ ।
रौतहट प्रहरी प्रमुख एसपी दिलीप घिमिरेको निर्देशनमा संचालित तस्करी नियन्त्रण अभियानले जिल्लामा अबैध सामानको संस्थागत तस्करी भएको देखिन्छ ।

स्वतन्त्र प्रेसबिना लोकतन्त्रको कल्पना गर्न सकिँदैनः राष्ट्रपति पौडेल



काठमाडौँ ।
राष्ट्रपति रामचन्द्र पौडेलले लोकतन्त्रका निम्ति नेपाली पत्रकारहरूले आफ्नो जीवन र जीविकाको समेत परवाह नगरी काम गरेको बताएका छन ।
नेपाल रिपब्लिक मिडियाले शनिवार आयोजना गरेको १६औँ नागरिक सम्मान कार्यक्रमलाई सम्बोधन गर्दै उनले जसरी लोकतन्त्रबिना स्वतन्त्र, निष्पक्ष र तटस्थ पत्रकारिता सम्भव छैन त्यसरी नै स्वतन्त्र प्रेसबिना लोकतन्त्रको कल्पना गर्न नसकिने बताएका छन ।
राष्ट्रपति पौडेलले पत्रकारिता क्षेत्रले मुलुकमा केही भएन भन्ने भाष्यलाई चिर्दै केही भइरहेको छ भन्ने बाटोमा डोहो¥याउन आवश्यक रहेको बताए । उनले भने,'पत्रकारिता क्षेत्रको काम भनेको केही भएन मात्र भन्ने होइन, केही भइरहेको छ भन्ने देखाइदिने पनि हो । यसरी काम गर्न सकिन्छ भनेर उदाहरण दिने पनि हो । यो कार्यक्रम त्यसैतर्फ केन्द्रित रहेकामा मलाई खुसी लागेको छ ।'
राष्ट्रपति पौडेलले वर्तमान समयमा लोकप्रियतावाद हाबी भएको भन्दै प्रशंसा मात्र खोज्ने प्रवृत्ति बढ्यो भने सत्य थाहा नहुने धारणा राखे । यसकारण सजग प्रेसले सदैव सही, सत्य सूचना प्रवाह गरेर लोकतन्त्रका नागरिकको आलोचनात्मक चेतलाई विस्तारित गर्न सक्ने उनको विश्वास थियो ।–
बिपी कोइरालाले आफू प्रधानमन्त्री भएका बेला तत्कालीन अवस्थामा पत्रकारलाई बोलाएर पत्रिका निकाल्न र सरकारको निरन्तर खबरदारी गर्न गरेको आग्रह स्मरण गर्दै राष्ट्रपति पौडेलले लोकतन्त्रसँग स्वतन्त्र प्रेसको यही अन्योन्याश्रित सम्बन्धका कारण बिपीले सो आग्रह गरेको बताए । नेपालको लोकतान्त्रिक आन्दोलनमा पत्रकारिता क्षेत्रको योगदानलाई कसैले कम आँक्न नसक्ने उनको भनाइ थियो । राष्ट्रपति पौडेलले सञ्चारमाध्यम र सूचना सम्प्रेषणमा उल्लेखनीय परिवर्तन आएको उल्लेख गर्दै प्रविधिको विकाससँगै सामाजिक सञ्जाल र प्रसारणका अनेक माध्यम भित्रिएका कारण नागरिक पत्रकारिताको पक्ष पनि उत्तिकै सबल बनेको बताए । प्रविधिको दुरुपयोग गरेर भ्रम छर्ने, मिथ्या एवं संशयपूर्ण सूचना सम्प्रेषणबाट जनतालाई दिग्भ्रमित पार्न सक्ने खतराबाट जोगाउनु जिम्मेवार आमसञ्चार माध्यमको दायित्व भएकामा उनले जोड दिए ।
कार्यक्रममा कैलालीकी वन संरक्षक अभियानकर्मी नन्दादेवी कुँवर, रुपन्देहीका शिक्षासेवी घनश्याम पाठक र महोत्तरीकी क्रिकेट खेलाडी पूजा महत्तोलाई नागरिक सम्मान २०८२ बाट सम्मानित गरिएको थियो ।रासस

फोटो पत्रकारिताले जीवनलाई जीवन्त र इतिहासलाई अमर बनाउनसक्छः सभामुख घिमिरे



ललितपुर ।
सभामुख देवराज घिमिरेले फोटो पत्रकारिताले जीवनलाई जीवन्त र इतिहासलाई अमर बनाउन सक्ने भएकाले महत्वपूर्ण रहेको बताएका छन । राष्ट्रिय फोटो पत्रकारिता दिवस २०८२ को अवसरमा राष्ट्रिय फोटो पत्रकार समूहद्वारा शनिवार ललितपुरमा आयोजित पाँचौँ फोटो पत्रकारिता अवार्ड वितरण समारोहमा उनले यस्तो बताएका हुन ।
सभामुख घिमिरेले समाजमा फोटो पत्रकारिताको महत्वपूर्ण भूमिका भए पनि यो पेसा ज्यादै चुनौती रहेको धारणा राखे । 'फोटो पत्रकारिताको विकासका लागि संस्थागत पहल महत्वपूर्ण छ, भ्रम सिर्जना गर्न सकिने प्रविधिको युगमा फोटो पत्रकारिताले शताब्दीसम्म सत्यतथ्य र समाजको यथार्थतालाई चित्रण गर्न सक्नेछ ।
फोटो पत्रकारको महत्व र आवश्यकतालाई राज्यले सम्बोधन गर्दै पेसाप्रति प्रेरित गर्न सक्नुपर्छ', उनले भने ।
सभामुख घिमिरेले फोटो पत्रकारको सम्मान र सहयोगका लागि संस्थागत रूपमा अक्षयकोष स्थापना गरी समूहले सम्मान गर्नु सराहनीय काम भएको बताए ।
ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री दीपक खड्काले फोटो पत्रकारिताले निष्पक्षता र प्रमाणित कुरा सम्प्रेषण गर्दा नै विश्वसनीय भएको बताए । 'दृश्यबिना पत्रकारिता अपूरो हुन्छ, लेखेको समाचारभन्दा तस्बिरबाट देखाइएको पत्रकारिता महत्वपूर्ण हुन्छ । चुनौती, दुःख, कष्टलाई सहेर समाजको परिदृष्यलाई चित्रण गर्नु ठूलो काम हो', उनले भने ।
कार्यक्रममा फोटो पत्रकार समूहले सात वटा प्रदेशबाट एक÷एक जना, १५ वटा विद्यामा १५, लाइफटाइम एचिभमेन्ट अवार्डबाट एक र मरणोपरान्त एक गरी २४ जनालाई सम्मान गरेको छ ।
सम्मानित व्यक्तित्व छनोटका लागि गठित समितिको निर्णायक मण्डलका सदस्य मनोज दाहालले सीमित स्रोतसाधनका बाबजुद नेपालको फोटो पत्रकारिता उन्नत हुँदै गइरहेको बताए । फोटो पत्रकार समूहका अध्यक्ष प्रदीपराज वन्तले संस्थाको सदस्यता लिएका फोटो पत्रकारलाई क्यामेरा किन्नका लागि ग्लोबल आइएमईबाट सहुलियत ऋणको व्यवस्था गरिएको जानकारी गराए ।
विसं २०५३ असोज ६ गते स्थापना भएको यस संस्थाले फोटो पत्रकारको क्षमता अभिवृद्धिका साथै यस क्षेत्रमा लाग्ने उत्कृष्ट पत्रकारलाई हरेक वर्ष सम्मान गर्दै आएको छ ।रासस

दिवङ्गत नेता डङ्गोलको अन्त्येष्टि सम्पन्न

काठमाडौँ ।
नेपाली कांग्रेसका दिवङ्गत नेता तीर्थराम डङ्गोलको पार्थिव शरीर शनिवार अन्त्येष्टि गरिएको छ ।
गए राति ७७ वर्षको उमेरमा सनामङ्गलस्थित केएमसी अस्पतालमा उपचारका क्रममा उनको निधन भएको थियो । उनको पार्थिव शरीर विधिपूर्वक टेकुमा अन्तेष्टि गरिएको हो ।
उनलाई श्रद्धाञ्जली दिन आफन्त, विभिन्न पार्टीका नेता तथा कार्यकर्ता, शुभेच्छुकलगायतको सहभागिता थियो । सिनामङ्गलस्थित केएमसी अस्पतालबाट उनको शव आजै कुलेश्वरस्थित निवासमा ल्याएर विधि विधानका साथ अन्तेष्टि गरिएको हो ।
नेपाली कांग्रेसको केन्द्रीय कार्यालयमा शवलाई श्रद्धाञ्जलीका लागि राखिएको थियो ।
विसं २०४३ मा भएको स्थानीय निकायको निर्वाचनमा तत्कालीन काठमाडौँ नगर पञ्चायतको उपप्रधानपञ्च जितेका डङ्गोलले सो व्यवस्थाको विरोध गरेकाले निलम्बनमा परेका थिए ।
निष्ठावान र आदर्श नेताको छवि बनाउनुभएका उनि कांग्रेस काठमाडौँको जिल्ला सभापति तथा विसं २०५६ को आमचुनावमा काठमाडौँ निर्वाचन क्षेत्र नं ७ बाट प्रतिनिधिसभा सदस्यका रूपमा विजयी हुनुका साथै स्वास्थ्य राज्यमन्त्रीसमेत बनेका थिए ।रासस

नेपाल सदैव आतङ्कवादको विपक्षमा छः परराष्ट्रमन्त्री डा राणा

काठमाडौँ ।
परराष्ट्रमन्त्री डा आरजु राणा देउवाले नेपाल सदैव आतङ्कवादको विपक्षमा रहेको र जुनसुकै प्रकृतिको आतङ्कवादको कडा शब्दमा निन्दा गर्ने बताएकी छन ।
भारत, काश्मिरको पहलगाममा भएको आतङ्कारी हमलामा परी ज्यान गुमाउनेहरूप्रति श्रद्धाञ्जली अर्पण गर्न नेपालस्थित भारतीय दूतावासद्वारा शनिवार आयोजित सभामा उनले नेपाल सधैँ आतङ्कवादको विरुद्धमा र शान्तिको पक्षमा रहेको स्पष्ट गरिन ।
मन्त्री डा राणाले भनिन 'नेपालले आतङ्कवादको सबै स्वरुप र अभिव्यक्तिहरूको कडा निन्दा गर्दछ । नेपाल जहाँ, जहिले र जुनसुकै उद्देश्यका लागि गरिने आतङ्कवादी क्रियाकलापको सदैव विपक्षमा उभिन्छ ।'
आतङ्कवादका विषयमा व्यवहार गर्दा कहिल्यै दोहोरो मापदण्ड अपनाउन नहुने बताउँदै उनले नेपाल आफ्नो भूमि कुनै पनि आतङ्कवादी समूहले कुनै पनि कारण र कुनै पनि देश तथा जनताविरुद्ध प्रयोग गर्न नसकोस् भन्ने पक्षमा दृढतापूर्वक प्रतिबद्ध रहेको स्पष्ट गरिन ।
यसैले काश्मिरको पहलगाममा भएको आतङ्कवादी हमलाको पनि



नेपालले कडा शब्दमा निन्दा र भत्सना गरेको मन्त्री डा राणाले बताईन ।
उनले यस दुःखको घडीमा भारत सरकार र भारतीय जनताको पक्षमा नेपाल उभिएको र आतङ्कवादविरुद्धको लडाइँमा भारतसँग काँधमा काँध मिलाएको बताईन । नेपाल र भारतबीच गहिरो सम्बन्ध रहेको स्मरण गर्दै मन्त्री डा राणाले यो सम्बन्ध केवल कूटनीतिको विषय मात्र नभएर सदियौँदेखिको साझा इतिहास, संस्कृति र सहकार्य पनि हो भनिन । 'हाम्रा खुला सिमानाहरू एकापसका विश्वासका प्रतीक हुन् र हाम्रा पारिवारिक सम्बन्धहरूले आपसमा नाता पनि गाँस्दछन् । हामी सधैँ खुसी या सङ्कटको समयमा एकसाथ उभिएका छौँ । भूकम्पले नेपाललाई तहसनहस पार्दा सबैभन्दा पहिला सहयोगको हात अगाडि बढाएको भारतले नै हो', उनले भनिन ।
मन्त्री डा राणाले पहलगाम त्रासदीको सिकार भएका नेपाली युवा सुदीप न्यौपानेको शव र अन्य प्रभावितहरूलाई नेपाल ल्याउन सहयोग गरेकामा भारत सरकारलाई धन्यवाद पनि दिईन । त्यस अवसरमा उहाँले उक्त आतङ्कवादी हमलामा ज्यान गुमाएकाहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकमा रहेका परिवारजनमा समवेदना प्रकट गर्नुभएको थियो ।रासस

‘जनता आवास’ अनुदानका घर प्रयोगमै आएन



सिरहा ।
बरियारपट्टी–३ तिलैया मुसहर टोलस्थित निम्न आयस्तर भएका डोम समुदायका लागि मधेश प्रदेश सरकारले ‘जनता आवास’ कार्यक्रमअन्तर्गत दुई वर्षअघि निर्माण गरिदिएको घर सतप्रतिशत प्रयोगमा आउन सकेका छैनन् । हुलाकी सडकले विस्थापित भएका १५ डोम परिवारलाई सरकारले दुई वर्षअघि तीन कोठे पक्की घर बनाइदिए पनि सात घरपरिवारले घर प्रयोग गरेनन् । जसले गर्दा ती घरमा झार पलाएको छ ।

यस ठाउँमा जम्मा १८ डोम समुदायको परिवार छ । जसमध्ये लालपुर्जा भएका १५ परिवारको जनता आवास कार्यक्रमअन्तर्गत घर निर्माण गरिएको कार्यक्रमका प्राविधिक रवीन्द्र यादवले बताए । ‘तीन घर परिवारको लालपुर्जा नभएका कारण घर बन्न सकेको छैन,’ उनले भने, ‘पालिकाले उपलब्ध गराएको सार्वजनिक जग्गामा उनीहरू जान नमानेपछि समस्या भएको हो । बनेका घरहरू सम्बन्धित व्यक्तिलाई दुई वर्षअघि हस्तान्तरण गरिसकिएको छ ।’ उनका अनुसार एक घर निर्माण गर्न जनता आवास कार्यक्रमले तीन लाख ३२ हजार रुपैयाँ अनुदानमा उपलब्ध गराएको थियो ।

यो कार्यक्रम सञ्चालन गरिँदा कतिपय डोम परिवारले जमिन खोज्दै घर निर्माण गरेका थिए । आफ्ना नाममा जमिन नहुनेहरूले अर्कासँग जमिन खरिद गरी घर निर्माण गरेका थिए । यिनैमध्येका एक हुन् कैला मरिक । बाटो, बिजुली, खानेपानीको सुविधा नभएकाले बस्न नसकेको मरिकको भनाइ छ । उनले भने, ‘अरू सुविधामा सरकारले बेवास्ता गरेका कारण ती घरमा नबसेर यही झुप्रोमा बस्नुपरेको हो ।’ सरकारले घरसम्म जाने बाटो, बिजुली, खानेपानीको व्यवस्था गरिदिए आफूहरू तत्कालै उक्त घरमा सर्ने उनले बताए ।

पटकपटक ती घरमा सर्न आग्रह गरे पनि उनीहरू नमानेको वडाको भनाइ छ । वडा नम्बर ३ का वडाध्यक्ष विनोदकुमार यादवले डोम परिवार बजार छोडेर वरपर जानै नमान्ने गरेको गुनासो गरे ।

उनले भने, ‘यदी उनीहरू ती घरमा बस्ने सुनिश्चित भए वडाले तत्कालै बाटो, बिजुली, खानेपानीको व्यवस्था गरिदिन्छ । तर जाने निश्चित उनीहरूले गर्नुपर्छ । हामीले लगानी गरेर उनीहरू गएनन् भने वडाको लगानी पनि बालुवामा पानीसरह हुने भयो नि ।’वडाध्यक्ष यादवका अनुसार यहाँका डोम समुदाय बाँसबाट बुनेका सामग्री बनाउने र बजारमा बेच्ने हुँदा ती स्थान छोड्न नमान्ने प्रवृत्ति छ । हुलाकी सडक विस्तारको काम पुनः सुचारू हुँदा डोम समुदायले अहिले बसोबास गरिरहेको थातथलो पनि छोड्नुपर्ने अवस्था आउने र त्यो बेला ती घरहरू प्रयोगमा आउन सक्ने उनले बताए ।

यहाँका स्थानीय जनता आवस कार्यक्रमले कतिपय घर पूर्णरूपमा निर्माण नै नभई जीर्ण भएको भन्दै सरकारको लगानी बालुवामा पानीसरह भएको बताउँछन् । घर निर्माण भइसकेपछि केही डोम परिवार निकै हर्षित भए भने आधा दर्जन बढी घरहरू बेवारिसे र जीर्ण बने । यसको उपयोगिताको लागि पालिकाले ठोस पहल गर्नुपर्ने स्थानीयको माग छ । रासस

चोरको निशानामा मन्दिर १८ दिनपछि पुनः का बीचमा चोरी

मधेशदृष्टि
राजविराज ।
राजविराज–७ स्थित श्री लक्ष्मी नारायण राधाकृष्ण मन्दिरमा तीन साता नबित्दै पुनः चोरी भएको छ । शुक्रबार मध्यराति मन्दिरमा रहेको दानपेटीका तथा इस्कान राजविराजद्वारा सञ्चालित धार्मिक पुस्तक पसलको काउन्टरको ताल्चा फुटाएर नगद रकम चोरी भएको हो ।

पुस्तक काउन्टरबाट डेढ हजार जति नगद चोरी भए पनि दानपेटिकाबाट चोरी भएको रकम यकिन गर्न नसकिएको मूलपुजारी रत्नेश्वर झाले सुनाए । यद्यपि दानपेटिकाबाट चार हजारदेखि पाँच हजार रुपैयाँ नगद रकम चोरी भएको हुनसक्ने उनको अनुमान छ । राति ११ बजेतिर घर गएका उनी शनिबार बिहान ५ बजेतिर मन्दिरको ढोका खोल्न आउँदा मात्र चोरी भएको थाहा पाइएको सुनाए । मन्दिर परिसरमा सिसीक्यामेरा जडान नभएकाले चोरको पहिचान गर्न कठिन भएको मन्दिर व्यवस्थापन समितिका सचिव वीरेन्द्र गुप्ताले बताए ।

राजविराजको प्राचीन मन्दिरमध्येका एक मन्दिर परिसरमा शौचालय तथा बाथरुमको सुविधा नहुँदा रातिको समयमा पुजारीहरु आआफ्नो घर जाने र बिहानपख आउने गरेका छन् । यही मौका छोपेर चोरले सम्पत्ति चोरेर लैजाने गरेको स्थानीयको भनाइ छ । स्थानीयले चोरी घटनामा बजार क्षेत्रकै केही लागुऔषध सेवनकर्ताको संलग्नता रहेको दाबी गरे ।

यसअघि चैत २५ गते पनि मन्दिरमा रहेको दानपेटिका र पुस्तक काउन्टरको ताल्चा फुटाएर हजारौँ रकम चोरी भएको थियो । यस्तै ६ महिनाअघि पनि यहाँस्थित शनि मन्दिरमा समेत चोरले दानपेटिका फुटाएर १० हजार रुपैयाँ भन्दा बढी रकम चोरेर लगेका थिए । घटनाको खबर पाएपछि पुगेको प्रहरी टोलीले मूल पुजारी तथा आसपासका बासिन्दासँग आवश्यक सोधपुछ गरी चोरीमा संलग्नको खोजी कार्य गरेको जनाएको छ ।

निरंकारी मिसनद्वारा रक्तदान



मधेशदृष्टि
जनकपुरधाम ।
विश्व मानव एकता दिवसका अवसरमा शनिबार सन्त निरंकारी मिसन नेपाल जनकपुरधामले रक्तदान गरेको छ । कार्यक्रममा सांसद जुली महतोले रक्तदान जीवनदान भएको बताइन् । उनले भनिन्, ‘तपाईंले दान गर्नुभएको रगतले कसैको जीवन बचाउन सक्छ । यसले शरीरलाई कुनै हानी गर्दैन ।’ निरंकारी मिसनका १ सय ५० भन्दा बढी पुरुष तथा महिला सदस्यले रक्तदान गरे । मुखी बेचु रजकको नेतृत्वमा आयोजित रक्तदान शिविरमा पूर्व मेयर लालकिशोर साह, पूर्व मुखिया रामचन्द्र पञ्जियारलगायतको सहभागिता थियो ।

बलात्कारका आरोपित गिरफ्तार

मधेशदृष्टि
सिरहा ।
२२ वर्षीया महिलालाई बलात्कार गरी फरार रहेका आरोपित धनगढीमाई नगरपालिका–१ का ३५ वर्षीय राधेश्याम कामैतलाई इलाका प्रहरी कार्यालय लहानले पक्राउ गरेको छ । आरोपितले महिलालाई २०८१ फागुन ७ गते बलात्कार गरेको र कुटपिट गरी गर्भपतन गराएको आरोपमा फागुन ९ गते इलाका प्रहरी कार्यालय लहानमा उजुरी दिएको पीडितले बताइन् ।

पीडित महिलाको स्वास्थ्य परीक्षण प्रादेशिक अस्पताल लहानमा भएको थियो । फरार आरोपितलाई गिरफ्तार गरी थप अनुसन्धान गरिरहेको इलाका प्रहरी कार्यालय लहानका इन्स्पेक्टर अनिल बैठाले बताए ।

रौतहटका स्थानीय तहमा ११ अर्ब बेरुजु



आरके श्रीवास्तव
गरुडा ।
महालेखा परीक्षकको कार्यालय काठमाडौँका उपप्रमुख तथा सचिव पदमराज पौडेलले रौतहटको स्थानीय तहको बेरुजु ११ अर्ब रुपैयाँ नाघेको बताएका छन् । गरुडास्थित पत्रकारहरुको साझा एवम् लोकप्रिय संस्था तराई विकास तथा सञ्चार केन्द्र नेपालले गरेको कार्यक्रमका प्रमुख अतिथिका रूपमा सहभागी महालेखा परीक्षक सचिव पौडेलले जिल्लाका १८ स्थानीय तहको बेरुजु ११ अर्ब ४३ करोड रुपैयाँ पुगेको बताए ।

स्थानीय निकायमा आउने विभिन्न शीर्षकको अनुदान बजेटबाट विकास निर्माण, शान्ति सुरक्षा, शिक्षा, स्वास्थ्यलगायतको व्यवस्थापन गर्नु पर्ने हुन्छ, तर पालिका प्रमुखहरू मनपरी शीर्षक राखेर रकम खर्चिने चलनका कारण दिनानुदिन बेरुजु बढ्दै गएको उनले बताए ।

मधेश प्रदेशको कैयौँ पालिकामा प्रमुख प्रशासकीय अधिकृतलाई कामै गर्न नदिने, एउटै व्यक्तिलाई पटकपटक अनुदान र विधिको कानून कार्यान्वयन नगर्ने परमपरा बढ्दै गएको उनको भनाइ छ । मधेश प्रदेश शिक्षा क्षेत्रमा पछाडि रहे पनि कैयौँ क्षेत्रमा अगाडि रहेको बताउँदै सचिव पौडेलले स्थानीय निकायमा अनावश्यक खर्च बढिरहेकामा सहभागी जनप्रतिनिधिको ध्यानाकर्षण गराए ।

कार्यक्रममा विशिष्ट अतिथि अख्तियार दुरुपयोग अनुसन्धान कार्यालय हेटौँडाका प्रमुख उमाकान्त आचार्यले अख्तियारमा उजुरी पर्दैमा आत्तिनु नपर्ने बताए । उनले कुनै पनि विकास निर्माणलगायत कामबारे अख्तियारमा उजुरी पर्दैमा कोही दोषी नहुने बताए ।

उजुरी परेपछि अनुसन्धानका लागि उजुरीसँग सम्बन्धित व्यक्तिलाई बोलाएर बयान लिने र सबैको बयान सकिएपछि तथ्यगत प्रमाणको आधारमा मात्र विशेष अदालतमा मुद्दा दायर गर्ने गरिएको आचार्यले बताए । गरुडास्थित सुशासन तथा सार्वजनिक सेवाप्रवाहमा स्थानीय तहको भूमिका विषयक आयोजित एकदिने कार्यक्रममा प्रमुख आचार्यले आफूहरुका लागि उजुरी सूचनाका रूपमा मात्र रहने गरेकाले यसलाई मुद्दाको रूपमा नलिन आग्रह गरे ।

अख्तियारले अनुसन्धानक्रममा उजुरीसँग सम्बन्धित कागजात माग्दा धेरै स्थानीय तह र अन्य सरकारी कार्यालयले ढिलासुस्ती गर्ने गरेको बताउँदै उनले अख्तियारले कागजात माग्नेबित्तिकै तुरुन्त उपलब्ध गराउनेतिर ध्यान दिनुपर्ने बताए । अख्तियारले नियतबस जानिजानी दुःख दियो भनी धेरैले भन्ने गरेको भन्दै उनले अख्तियारले नियतबस बिनागल्ती कसैलाई दुःख दिने काम नगरेको समेत दाबी गरे ।

अनुसन्धानपछि अख्तियारले एक्लैले चाहे मुद्दा नचल्ने बताउँदै उनले कुनै विषयमा मुद्दा दायर गर्नुभन्दा अघि सरकारी वकिललगायत अन्य सरोकारवालासँग राय सल्लाह लिने गरिएको र मुद्दा चलाउन उनीहरु सहमत भएपछि मात्र अख्तियारले विशेष अदालतमा मुद्दा दायर गर्ने गरेको उनले सुनाए । जनप्रतिनिधि र कर्मचारी आआफ्नो कार्यप्रति पूर्ण वफादार, उत्तरदायी एवम् जिम्मेवार भई इमान्दारिका साथ पारदर्शी ढंगले काम गरे भ्रष्टाचार आफैँ समाप्त भएर जाने तथा सुशासन कायम हुने उनले बताए ।

रौतहटका सिडिओ विनोद कुमार खड्काले जिल्लामा सुशासन प्रवर्द्धनका लागि सरोकारवालासँग समयसमयमा छलफल तथा सर्वपक्षीय बैठक सञ्चालन हुँदै आइरहेको बताए । उनले भ्रष्टाचार नियन्त्रण कार्यमा आफूहरुले आयोगलाई सहयोग गर्ने प्रतिवद्धता व्यक्त गरे । जनताको भावनाको सम्मान नभएको कारण अख्तियारमा उजुरी पर्नु स्वाभाविक रहेकाले जनताको चाहना र आकांक्षा अनुसारको काम गर्न सिडिओ खड्काले जनप्रतिनिधिलाई सुझाव दिएका थिए ।

गरुडा नगरपालिका कार्यालयको सहकार्य, जिल्ला प्रशासन कार्यालय रौतहटको संयोजन र तराई विकास तथा सञ्चार नेपाल काठमाडौँको आयोजनामा भएको कार्यक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ऐतिहासिक पृष्ठभूमि, संवैधानिक, कानूनी तथा संरचनागत व्यवस्था, संस्थागत रणनीति, भ्रष्टाचारजन्य कसुरबारे जानकारी, आयोगको छानबिन तथा अनुसन्धान प्रकृया, अख्तियार दुरुपयोग अनुसन्धान आयोगका गतिविधि, नेपालमा भ्रष्टाचारको वर्तमान अवस्था, अनुसन्धान तथा छानबिनका क्रममा आइपर्ने समस्या तथा चुनौतीका विषयवस्तुहरु प्रस्तुत गरिएको थियो ।

लोकतान्त्रिक पत्रकार संघ सर्लाहीमा साह



मधेशदृष्टि
रौतहट ।
लोकतान्त्रिक पत्रकार संघ सर्लाही जिल्ला संयोजकमा राजीव कुमार साह कानुलाई मनोनयन गरिएको छ । संघको केन्द्रीय कार्य समितिले विधानअनुसार पत्रकार साहलाई सर्लाही संयोजकमा मनोनयन गरेको हो ।

‘मेरो सान’ टिभीमा हर्ताकर्ताका रुपमा कार्यरत साह विभिन्न मिडियामा आबद्ध छन् । लामो समयदेखि पत्रकारिता पेसामा रहेका साह एफएम रेडियो, अनलाइन तथा छापा पत्रकारिता गरी पत्रकारिताका सबै क्षेत्रमा क्रियाशील छन् । सर्लाहीमा उनको आफ्नो छुट्टै पहिचान बनाइसकेका छन् ।

चन्द्रनगर गाउँपालिका–१, लघुवा निवासी साह मलंगवामा बस्छन् । साहको नेतृत्वमा लोकतान्त्रिक पत्रकार संघ सर्लाहीले अलगै पहिचान बनाउने विश्वास गरिएको छ । संघका केन्द्रीय अध्यक्ष कामरेन्द्र वर्माले शुक्रबार साहलाई जिल्ला संयोजकमा मनोनयन गरिएको जानकारी गराए । देश, मधेश, पत्रकार र पार्टीको हितमा साहको कार्यकाल उल्लेखनीय रहने विश्वास पनि संघले लिएको अध्यक्ष वर्माद्वारा हस्ताक्षरित मनोनयन पत्रमा उल्लेख गरिएको छ ।

बेचबिखन घटनाका आरोपितविरुद्ध उजुरी

मधेशदृष्टि
पर्सा ।
१८ वर्षीया युवतीलाई वैशाख ७ गते अपहरण गरी शरीर बन्धक बनाई यौनजन्य कार्यमा लगाएको आरोपमा प्रसौनी गाउँपालिका–४ का २५ वर्षीय शेख महमद अन्सारीविरुद्ध पीडित पक्षले जिल्ला प्रहरी कार्यालय पर्सामा उजुरी परेको छ ।

उजुरीपश्चात आरोपित फरार रहेकाले खोजी कार्य भइरहेको जिल्ला प्रहरी कार्यालयका डिएसपी किशोर लम्सालले जानकारी दिए ।

३२ जनाद्वारा रक्तदान

मधेशदृष्टि
वीरगंज ।
१३६औँ अन्तर्राष्ट्रिय मजदुर दिवसको अवसरमा वीरगंजमा आयोजित रक्तदान कार्यक्रममा ३२ जनाले रक्तदान गरेका छन् ।

अखिल नेपाल ट्रेड युनियन महासंघले घण्टाघर चोकमा गरेको रक्तदान कार्यक्रममा ३२ जनाले रक्तदान गरेका हुन् । रक्तदान गर्नेहरुमा सरुना नेसा, बलराम प्रसाद, सुरज प्रताप साह, राजेश साह, विकेश सिंह, छुनीलाल चौधरी, कृष्ण पुडासैनी, श्रीराम यादव, मुकेश सहनी, सन्देश कुमार, राजेन्द्र भट्टराईलगायतका रहेको नेपाल रेडक्रस सोसाइटी रेशमकोठी उपशाखाका युवा संयोजक अभिलाष गुप्ताले जानकारी दिए ।

निःशुल्क आँखा शिविर सम्पन्न

वीरगंज ।
सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्र वीरगंजले गरेको निःशुल्क आँखा शिविरबाट एक सय ४९ सेवाग्राही लाभान्वित भएका छन् । वीरगंज महानगर–२ छपकैयाँस्थित छठघाटस्थित धर्मशालामा आयोजित शिविरमा ३५ मोतियाविन्दुका बिरामी भेटिएका हुन् ।

वीरगंज महानगरका उपप्रमुख इम्तियाज आलमले महानगरका शहरी तथा ग्रामीण बस्तीमा आँखाका बिरामी उपचार गर्न आनाकानी गर्ने प्रवृत्तिले बस्तीबस्तीमा शिविर गर्न आवश्यक भएको बताए । ‘वीरगंजका टोलटोलमा आँखा अस्पताल छन् । उपचार गर्न जाने प्रवृत्ति कम भएकाले त्यस्ता बिरामीलाई लक्षित गरी शिविर गर्न आवश्यक छ । सोही अनुसार अहिले सुरुवात गरेका छौँ ।’ वीरगंज सामुदायिक आँखा केन्द्रका नेत्र अधिकृत महेशसिंह धामीले तराई–मधेशमा आँखाका बिरामी उपचार गर्न अस्पताल जान असहज मान्ने भएकाले शिविर जरुरी रहेको बताए । ‘केन्द्रले समुदायमा रहेका सीमान्तकृत तथा आर्थिक अभावका कारण समस्यामा परेका नागरिकको शिविरमार्फत मोतियाविन्दु पहिचान गरी निःशुल्क शैल्यक्रिया गर्दै आइरहेका छौँ,’ उनले भने, ‘हामीले निःशुल्क आँखा शिविर वर्षभरि गर्दै आइरहेका छौँ । जसबाट हजारौँ सर्वसाधारणले आँखाको ज्योति पाउँदै आउनुभएको छ ।’

केन्द्रले तिलगङ्गा आँखा प्रतिष्ठान र क्रियुर ब्लाइन्डनेस संस्थासँगको साझेदारीमा पर्सा, बारा, रौतहटलगायत जिल्लामा सातापिच्छे निःशुल्क आँखा शिविर र निःशुल्क मोतियाविन्दुको शल्यक्रिया गर्दै आइरहेको छ । नेत्र अधिकृत सिंहले तराई–मधेशका नागरिकले आँखाको हेरचाह र सुरक्षामा विशेष चासो दिनुपर्नेमा जोड दिए । जिल्ला प्रहरी कार्यालय पर्साका प्रमुख गौतम मिश्रले आँखा मानव जीवनको अभिन्न अङ्ग भएकाले यसको विशेष हेरचाह र सुरक्षामा ध्यान दिन सबैलाई अनुरोध गरे । केन्द्रका अध्यक्ष ग्यासुदिन ठकुराहीले आँखा शिविरमा आएका बिरामीलाई निःशुल्क औषधि वितरण गरिएको जानकारी दिए । ‘मोतियाविन्दु भेट्टिएका बिरामीलाई निःशुल्क शल्यक्रियाको पनि प्रबन्ध गरेका छौँ,’ उनले भने ।

सम्पादकीय

प्रदेश सरकारको बजेट खर्च

अने फण्डा गरेर चर्चा कमाउने मधेश प्रदेश सरकारले विकास तथा पुँजी निर्माणका लागि परिचालन गरिने खर्च कार्यान्वयनमा भने उत्साह जगाउन सकेको छैन । चालु आर्थिक वर्ष सकिन करिब अढाई महिना मात्र बाँकी रहँदा पुँजीगत खर्च ७ प्रतिशतमा सीमित छ । मधेश सरकारले चालु आर्थिक वर्षका लागि पुँजीगततर्फ २७ अर्ब ९४ करोड ४४ लाख ६९ हजार रुपैयाँ विनियोजन गरेकामा वैशाख ११ गतेसम्ममा त्यसको ६.३४ प्रतिशत अर्थात १ अर्ब ७७ करोड ७ लाख ८९ हजार ५ सय ५ रुपैयाँ मात्र खर्च गरेर सरकारको उपस्थिति जनाएको छ ।

सरकारले अबको करिब अढाई महिनामा २६ अर्ब १७ करोड ३६ लाख ७९ हजार ४ सय ९५ रुपैयाँ खर्च गर्न पर्ने बाध्यता छ ।

मधेश प्रदेश सरकारले चालु र पुँजीगत गरी ४३ अर्ब ९ करोड २१ लाख ७० हजार रुपैयाँ विनियोजन गरेकामा त्यसको १२.९ प्रतिशत अर्थात ५ अर्ब ६९ करोड ७१ लाख ६७ हजार ९ सय ५३ रुपैयाँ खर्च गरेको छ । अबको करिब अढाई महिनामा ३८ अर्ब १९ करोड ५० लाख २ हजार ४७ रुपैयाँ खर्च गर्नुपर्ने छ । विनियोजित बजेटमध्ये तलब भत्तालगायतको शीर्षकमा चालु तर्फबाट रकम खर्च हुनेगर्छ भने विकास निर्माणका कार्यमा हुने खर्च पुँजीगत तर्फबाट हुने गर्छ । मधेश सरकारले चालु आर्थिक वर्षको साउन १ गतेदेखि वैशाख ११ गतेसम्ममा पुँजीगततर्फ ६.३४ प्रतिशत बजेट मात्र खर्च गर्नसकेकाले यसले विकास निर्माणको काम सुस्त गतिमा रहेको देखाएको छ ।

चालु आर्थिक वर्षको केही महिना पूर्वसम्म खर्च निकै कमजोर रहेको अवस्थामा सरकारले आफैंले ल्याएको खुला प्रतिस्पर्धाको प्रस्तावलाई हटाउँदै उपभोक्ता समितिबाट काम गराउन संकल्प प्रस्ताव मधेश प्रदेश सभाबाट पारित गराएको थियो । संकल्प प्रस्ताव पारित गरेको माघ ७ गते अघिसम्म बजेट खर्च २ प्रतिशतको हाराहारीमा थियो । प्रस्तावमा ५० लाख रुपैयाँभन्दा माथिका काम अनिवार्य ठेक्का प्रक्रियाबाट गर्ने र अन्यको हकमा नेपालको सार्वजनिक खरिद ऐनअनुसार गर्ने प्रस्ताव पारित गरेको थियो । चालु आर्थिक वर्षमा मधेश सरकारले करिब ६ हजार योजना समेटेको छ□। २०८१ जेठ २५ गते जनमत पार्टीका सतिश कुमार सिंह मुख्यमन्त्री बनेपछि विगतमा हुँदै आएका उपभोक्ता समितिको काम हटाएर खुला प्रतिस्पर्धाबाट गराउन प्रस्ताव अगाडि बढाइएको थियो । तर खर्चको अवस्थामा सुधार नभएपछि फेरि सरकार पुरानै अवस्थामा फर्किएको थियो । तर पनि बजेट खर्चमा भने सुधार आउने सकेको छैन । सरकारले गफ भने ७० प्रतिशत बजेट कार्यान्वयनको दिएको छ ।

नेता होइनन् जनता मालिक हुन्



धिरज साह

नेपाली राजनीतिमा दशकौंदेखि देखिएको एउटा विडम्बनापूर्ण सत्य के हो भने, जनताको पसिना नेताको विलासितामा परिणत भइरहेछ । हामीले 'जनता सर्वोपरी छन्' भन्ने सुन्दै आएका छौं तर व्यवहारमा सर्वोपरी को हो भन्ने प्रश्न आज झन् चर्को रूपमा उठेको छ । लोकतन्त्र आएपछि देशमा चुनाव भयो, संविधान बन्यो, पार्टी फेरिए, नेता फेरिए तर जनताको अवस्था फेरिएन । फेरिएको छ त केबल नेताहरूको जीवनशैलीः महलहरू, मर्सिडिज कारहरू, विदेशी दौरा र अकुत सम्पत्तिको राश ।

अब प्रश्न उठ्नैपर्छ, 'यो सब कहिलेसम्म ?' नेपालका जनताले धेरै सहिसके । युद्ध सहे, भूकम्प सहे, महामारी सहे, बेरोजगारी सहे, पलायन सहे । तर अब सहने समय सकिएको छ । अब परिवर्तनको अन्तिम आशा पनि समाप्त हुँदैछ । संविधान बनेको दशक पुग्न लाग्यो, तर संविधानले दिएको अधिकार पुस्तिका र भाषणबाहेक कतै देखिएको छैन ।कहिल्यै गर्वले भनिने 'कृषिप्रधान देश' अब परनिर्भर राष्ट्र बन्दैछ । खेत बाँझा छन्, किसान विदेशिएका छन् । चामल, दाल, नून, तेलजस्ता आधारभूत वस्तु आयात गर्नुपर्ने अवस्था छ । सोच्नुस् त, 'यो लाज हो कि योजनावद्ध ?'

सत्य के हो भने यो अवस्था दुर्घटनावश आएको होइन । यो योजनाअनुसार नै निर्मित दुःखद स्थिति हो । यदि देशमा रोजगारी सृजना भए जनता शिक्षित हुन्छन्, सचेत हुन्छन् । अनि शिक्षित र सचेत जनता नेताका लागि चुनौती बन्छन् । त्यसैले देशको नीति जनतालाई सक्षम होइन, शासित बनाउने हिसाबले बनाइन्छ । यही हो हाम्रो अशली विडम्बना ।

नेपालको अर्थतन्त्र रेमिट्यान्सले चलिरहेको छ । विदेशिएका युवाको पसिनाले चलिरहेको यो देश नेताहरूका लागि मात्र 'राजनीतिक प्रयोगशाला' बनेको छ । करोडौं युवा खाडीमा पसिना बगाइरहेका छन्, तर नेताहरू स्वदेशमै जनताको सपनामा मरमसला हालिरहेका छन् । स्वास्थ्य सेवा व्यापारीको कब्जामा छ, शिक्षा अब 'सेवा' होइन, 'व्यवसाय' बनेको छ । नीति दलालको हातमा छ, र राजनीति ठेकेदारको हातमा । जनता ? तिनको अवस्था उस्तै, कतै बिरामी भएर अस्पताल धाउनुपर्ने, कतै नोकरी खोज्दै विदेश लाग्नुपर्ने, कतै शिक्षाको अभावमा भविष्य अन्धकारमा गुमाउनु पर्ने ।

दोषी केबल नेता होइनन्, हामी पनि छौं। हामीले पटकपटक ठगिइएको पनि बुझेनौं । हाम्रै भोटबाट चुनिएका थिए, कहिले झोलामा, कहिले नोटमा, कहिले जात, धर्म र झन्डाको नाममा । चुनाव आउँदा केही किलो चामल, केही बोतल रक्सी, थोरै नगद अनि पाँच वर्षको मौनता । ब प्रश्न उठ्छ, 'यो सिलसिला कहिलेसम्म दोहोरिन्छ ? हामीले किन सोच्दैनौं कि ५ सयको लोभमा भोट बेचेको भनेको, पाँच वर्ष देश बेचिएको हो ?' अब चाहिन्छ भोटको क्रान्ति । न मासुमा, न बोतलमा, न नोटमा, अब चाहिन्छ विवेकमा । अब चाहिन्छ नेतृत्वमा आधार, आदर्श र उद्देश्य ।

हाम्रो भोट अब सपना बेच्नेलाई होइन, सपना देखाउनेलाई हुनुपर्छ । हाम्रो समर्थन अब भाषण दिने होइन, योजना कार्यान्वयन गर्ने हातमा जानुपर्छ । हामी मौन छौं त नेताहरू मुख खोलिरहेका छन्, झूठ बोल्न, गिज्याउन । हाम्रो मौनता नै अपराध भइसकेको छ । किनभने जब तिमी चुप हुन्छौ, तिम्रो छोरी शिक्षाबाट वञ्चित हुन्छे । जब तिमी डराउँछौ, तिम्रो छोरा मरुभूमिमा पसिना बगाउँछ । जब तिमी मौन रहन्छौ, तिम्रो बाबु उपचार नपाएर ज्यान गुमाउँछन् ।अब बोल्नुपर्छ । अब उठ्नुपर्छ । अब भन्ने बेला आएको छ, 'नेता मालिक होइन, जनता मालिक हो !' हामी कर तिर्छौं, हामीले भोट हाल्छौं, अब तिनीहरूले जवाफ दिनुपर्छ । विकासको नारा होइन, परिणाम देखिनुपर्छ । अब आन्दोलन सडकमा होइन, सोचमा चाहिन्छ । अब विद्रोह नारा होइन, विचारमा चाहिन्छ । अब समय आएको छ, हिसाब माग्ने । नेतालाई 'कति लुट्छौ' भन्ने होइन, 'अब कसरी बनाउँछौ' भन्ने अवस्था सिर्जना गर्न । त्यसको सुरुवात हामी, हाम्रा विवेकयुक्त भोट र सचेत नागरिकताको अभ्यासबाट शुरु हुन्छ ।

भोलिको नेपाल तिमीले बनाउने हो । छोरीछोरा कस्तो देशमा हुर्किन्छन् भन्ने निर्णय तिम्रो भोटबाट हुने हो । अन्ततः, मालिक को हो भने जनता नै हो । अब मालिकले प्रश्न गर्छ, 'तपाईंलाई हामीले चुनेका थियौं, अब तपाईले के गर्नुभयो ?'

किसानलाई समयमै मल, बीऊ र सिँचाइ



मञ्जु खाँण

हामी सानै हुँदा हरियो वन नेपालको धन भन्ने गरेको सुनेको हो । नेपाललाई कृषिप्रधान देश पनि भनिन्छ । तर तराई मधेशमा धान, चामल, गहुँ, मकै उत्पादनका लागि मलखादको अभाव हुनेगरेको छ । बर्सेनि किसानले मलखादको अभाव भोग्नुपरेको छ । यो कुरा विशेषगरी तराई मधेशबाट प्रतिनिधित्व गर्ने हरेक सांसदले संसदका प्रत्येक अधिवेशनमा उठाइरहेका हुन्छन् । तर ठोस नीति र कार्यान्वयन भइरहेको देखिन्न । किसानका लागि आवश्यक कृषि औजार, मल, बीऊ, सिँचाइको व्यवस्था किन नगर्ने ? किसानलाई राहत दिएर उत्पादन बढाउँदा परनिर्भरता बिस्तारै घट्दै जान्छ । तराईमा पहिलेको जस्तो चापाकलबाट पानी आउँदैन । पानीका मुहान सुक्दै गएका छन् । तराईका जमिन मरूभूमिकरणबाट जोगाउने चुरे क्षेत्रका रूख पनि जथाभावी काटिएको छ । चुरे क्षेत्रको अत्यधिक दोहनका कारण तिब्र गतिमा चुरे पहाड नाङ्गो हुँदै गएको छ । यस्तो अवस्थामा जमिनमा पानीको सतह घट्दै जानु स्वाभाविक हो । यसबाहेक तराई क्षेत्रमा सडक पूर्वाधारमा पनि पर्याप्त काम हुन सकेको देखिन्न । हुलाकी सडक पनि धेरै ठाउँमा निर्माण हुन बाँकी नै छ । त्यस सडकमा बनेका कतिपय पुलहरू साना र साँघुरा छन् । कतिपय भत्किएका पुलहरू लामो समयसम्म बन्न सकेका छैनन् ।

अर्को कुरा, तराई–मधेश क्षेत्रमा बाल विवाहको पनि समस्या छ । हामीले विवाहको उमेरका सम्बन्धमा रहेको कानूनी व्यवस्थामा पनि पुनर्विचार गर्नुपर्ने देख्दैछु । दाइजो प्रथाको त्यत्तिकै समस्या छ । यो प्रथा व्यवहारमा चरम स्थितिमा छ । दाइजोका कारण महिलाहरूलाई जिउँदै जलाउने घटना पनि भएका छन् । अहिले हामी सुदूरपश्चिम र कर्णाली पिछडिएको छ भन्छौं, तर यथार्थमा त्योभन्दा बढी तराई–मधेश पिछडिएको छ । तराईमा बोक्सी प्रथा पनि छ । सामाजिक विकृति, विसङ्गति र कुरीतिलाई हटाउन सरकारले शिक्षामा लगानी बढाउनुपर्छ । तराईका महिला तेहेरो मारमा परेका छन् । घरेलु हिंसा चरम अवस्थामा छ । सिरहा जिल्लामा आन्तरिक पर्यटनको सम्भावना छ । त्यहाँका मठमन्दिर, धार्मिक स्थलहरू आन्तरिक पर्यटनका लागि उत्कृष्ट छन् । कतिपय स्थानमा पर्यटनका लागि सुन्दर तालतलैयाहरू बनाइएको छ ।

महिलाको सवालमा संविधान अपूर्ण देख्दैछु । संविधानमा महिलाका लागि ३३ प्रतिशत आरक्षणको अधिकार छ तर यो ५० प्रतिशत हुन आवश्यक छ । राजनीतिक पार्टीको संगठन संरचना भित्र पनि महिलाका निम्ति ५० प्रतिशत अधिकार सुनिश्चित गर्नुपर्छ । दलहरूले महिलालाई समानुपातिक प्रतिनिधित्वमा मात्रै सीमित गर्नु हुँदैन । निर्वाचनमा हरेक पार्टीले प्रत्यक्ष निर्वाचनमा महिलाका निम्ति ५० प्रतिशत स्थान छुट्याउनु आवश्यक छ । संविधानमा व्यवस्थित त्यही ३३ प्रतिशत पनि पूर्ण रूपमा सबै ठाउँमा लागू भएको छैन । संसदीय समितिअन्तर्गत उपसमिति गठन गरिएको छ । तर त्यहाँ एक जना महिलालाई संयोजक दिइएको छैन । महिलाहरू अहिले पनि उपेक्षित छन् । त्यसैले महिलाको सवालमा संविधानमा मात्रै लेखेर हुँदैन । त्यसको कार्यान्वयन पक्ष फितलो छ । महिला मुक्तिका निम्ति अझ लडाई लड्नुपर्ने छ । हाम्रो लडाई अझै जारी छ ।

सदनमा मेरो पहिलो अनुभव हो । संसद र मैंले प्रतिनिधित्व गर्ने जिल्लाको सवालमा जति गर्नुपर्ने थियो त्यति काम गर्न पाएको छैन । संविधान सरकारले मात्रै कार्यान्वयन गर्ने होइन । संविधान कार्यान्वयनमा सरकार, राजनीतिक दल, नागरिक समाज र नागरिकको पनि उत्तिकै भूमिका हुन्छ । संविधान एकैचोटी कार्यान्वयन पनि हुँदैन । विस्तारै कार्यान्वयन हुँदै जाने कुरा हो । यद्यपी संविधानमाथिको आक्रमण बढ्दै गएको जस्तो देखिन्छ । त्यसका बारेमा राजनीतिक दलहरू चनाखो हुनुपर्ने देखिन्छ । संविधानलाई अझै बलियो र परिपक्व बनाउने मुख्य भूमिका दलहरूकै हो । संविधान भनेको आफैंमा बोल्ने, हास्ने, रूने होइन । संविधानमा भएका व्यवस्थाको अभ्यास गर्ने हो । संविधानमा भएका व्यवस्थालाई सच्याउँदै लैजानुपर्छ । समयको मागअनुसार संशोधन गर्दै लैजानुपर्छ । संविधान, राष्ट्र, राष्ट्रियता जोगाउने दल र जनताको दायित्व हो । यत्तिकै हचुवाको भरमा संविधान संशोधन गर्ने मात्रै भनेर हुन्छ र ? सांसद, संविधान विज्ञ सबै बसेर छलफल गरेर आवश्यकता हेरिकन संशोधन गर्नुपर्छ संविधान । यो कुरा हामीले संसदमा पनि उठाएका छौं । बसेर छलफल गरौं पनि भनिरहेका छौं । रासस

प्रहरीसम्म पुग्दैन जातीय विभेदका घटना



जगतदल जनाला विक

२०७८ सालको जनगणना अनुसार कर्णाली प्रदेशको कुल जनसंख्या १६ लाख ९४ हजार ८ सय ८९ छ । जसमध्ये कर्णाली प्रदेशमा दलितको संख्या ३ लाख ९६ हजार छ । तर, दलित समुदायले अन्य जातिसँग मिल्दाजुल्दा थर भएकाको विवरण तथ्याङ्कमा छुटेकाले वास्तविक संख्या नआएको गुनासो गरिरहेका छन् । कर्णालीमा दलित समुदायको जनसंख्या २९ प्रतिशत रहेको दलित आयोगको दाबी छ । परापूर्वकालदेखि जातीय विभेद र छुवाछुतको चपेटामा पर्दै आएको दलित समुदाय अहिले विभेदविरुद्ध कानूनी उपचारमा जान थालेका छन् । तर, कर्णालीका अधिकांश जिल्लामा जातीय विभेदका घटना बाहिर आउन सकेका छैनन् । कर्णाली प्रदेश योजना आयोगले आर्थिक वर्ष २०७६–७७ मा गरेको 'लक्षित तथा सीमान्तकृत समुदाय सर्वेक्षण' अनुसार कर्णालीमा बहुआयामिक गरिबी ५८.७ प्रतिशत हुँदा त्यसमध्ये झन्डै ८० प्रतिशत दलित समुदाय गरिबीमा रहेको देखाएको थियो । त्यस कारण पनि उनीहरू बढी विभेदमा परेको दलित अधिकारकर्मीहरूको दाबी छ । कालिकोटकी मना सार्की, दैलेखका सेते दमाई, जाजरकोटका नवराज विकले जातकै कारण ज्यान गुमाउनपऱ्यो । पछिल्लो समय जातीय विभेद गर्नेहरूमा सार्वजनिक पदधारण गरेका, शिक्षक, सामाजिक अगुवाहरू रहेको प्रहरी र अदालतमा आएका घटनाहरूले पुष्टि गरेको छ । हिमाली जिल्लाहरूमा अझै पनि जातीय विभेदको अवस्था उस्तै छ । २०८० पुसमा मुगुको सोरु गाउँपालिका–९ स्थित खनैया स्वास्थ्य चौकीमा कार्यरत स्वास्थ्यकर्मी तुलसा विश्वकर्मालाई उहाँकै घरबेटीले जातीय विभेद गरेपछि उहाँले त्यो ठाउँबाट जागिर छोडेर अन्यत्र सरुवा हुनपऱ्यो ।

उहाँमात्रै होइन, गाउँ कार्यपालिका सदस्य, अस्पतालमा कार्यरत सुरक्षा गार्ड, होटल सञ्चालक, प्रदेश प्रमुखको सचिवालयमा कार्यरत सचिवालयका कर्मचारीहरू समेत जातीय विभेदको सिकार बनेका छन् । नेपालको संविधान २०७२ ले समेत दलितको हकलाई सुनिश्चित गरेको छ । त्यस्तै जातीय विभेद गर्ने विरुद्ध 'जातीय भेदभाव तथा छुवाछुत (कसुर सजाय) नियमावली २०७४ अनुसार सजाय, क्षतिपूर्ति र जरिबाना हुने व्यवस्था छ । तर, केही मुद्दाबाहेक अरु सबै कानूनी प्रक्रियासम्म पुग्न सक्दैनन् । जिल्ला अदालत सुर्खेतको २०८० भदौ २१ गतेदेखि २०८१ साउन १८ गतेसम्मको तथ्याङ्क हेर्दा सात वटा जातीय विभेदका मुद्दामा ६ जना आरोपित धरौटीमा छुटेका थिए । त्यसमध्ये एक जनालाई जिल्ला अदालतले २०८१ पुस ३ गते तीन महिना कैद सजाय र ३० हजार रुपैयाँ जरिबाना तोकेको थियो । अर्का एक आरोपित फरार भएका कारण हदम्याद नाघेको थियो । अदालते यी घटनाका आरोपितलाई २० हजारदेखि १ लाख रुपैयाँसम्म धरौटीमा छाडेको थियो ।

कर्णाली प्रदेश प्रहरी कार्यालयको तथ्याङ्क अनुसार प्रदेशभर तीन वर्षमा १५ वटा मात्रै जातीय विभेदका मुद्दा प्रहरीसम्म आएका छन् । सुर्खेतमा नौ, कालिकोटमा दुई, जुम्लामा दुई र मुगुमा दुई वटा जातीय विभेदका घटना प्रहरीसम्म आएका छन् । सल्यान, जाजरकोट, हुम्ला, डोल्पा, रुकुम पश्चिम र दैलेखमा तीन वर्षसम्म जातीय विभेदका मुद्दा आएका छैनन् । मानव अधिकारको क्षेत्रमा कार्यरत अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को मानव अधिकार वर्ष पुस्तक २०२५ मा कर्णालीमा एक वर्षमा आठ जातीय विभेदका घटना अभिलेख गरेको छ । इन्सेक कर्णाली प्रदेशको तथ्याङ्क अनुसार सुर्खेतमा चार, हुम्लामा दुई, मुगु र कालिकोटमा एक–एक जातीय विभेदका घटना भएका छन् ।

दलित अभियन्ता जेवि विश्वकर्मा जातीय विभेदका घटनाहरू प्रहरीसम्म नपुग्नुका मुख्य पाँच कारण रहेको बताउनुहुन्छ । उहाँका अनुसार पहिलो कारण दलित समुदायलाई संवैधानिक र कानूनी व्यवस्था के छ ?, आफूमाथि विभेद भए कहाँ जाने, कसरी न्यायिक प्रक्रियामा जाने जस्ता कानूनी शिक्षा, ज्ञानका विषयमा जानकारी नहुनु, दोस्रो कारण दलितमाथि भएका छुवाछुत र भेदभावका घटनालाई समाजमा सामान्य रूपमा लिइ मिलापत्रमा जानु, तेस्रो ठूलाबडा र गन्यमान्य मान्छेले नै समाजमै मिलेर बस्नुपर्छ समाजमा सम्बन्ध सुधार्नुपर्छ भन्ने भाष्य सिर्जना गर्नु, चौथो कारण समाजको शक्ति दलित समुदायसँग नहुनु र पाँचौं कारण न्यायिक प्रक्रियामा लागेपछि सहजै न्याय पाउने विश्वास नहुनु जस्ता कारण छन् ।

'कानूनी सचेतना र न्यायिक प्रक्रियाको विषयमा जानकारी नहुनु नै दलितहरू आफूमाथि भएको विभेद र अत्याचार बाहिर ल्याउन सक्दैनन् । यदि कसैले ल्याउन खोजेपनि सामान्य रूपमा लिइ जानेबुझेकै मानिसबाट मिलापत्र गराइन्छ । न्याय पाउने उनीहरुमा विश्वास नभएपछि हिम्मत गरेर उनीहरू अगाडि बढ्दैनन् । खासमा सचेत नागरिकले नै विभेद र छुवाछुत अपराध हो भन्ने बोध गराउनुपर्‍यो । त्यो हुन दिइँदैन,' अभियन्ता विश्वकर्माले भन्नुभयो ।

सरकारवादी मुद्दाका रूपमा विभेद र छुवाछुतलाई लिइए पनि सरकारी संयन्त्रको सक्रियता नबढेका कारण जातीय विभेदका घटनाहरू बाहिर आउन नसकेको उहाँको भनाइ छ । 'सरकारवादी मुद्दामा प्रहरी आफैं गएर जाहेरी दर्ता गराउन सक्छ । तर, नेपालमा केही बाहेक अधिकांश घटनामा प्रहरीबाट दलितहरूले साथ पाएका छैनन् । प्रहरीले दलितमाथि भएको हिंसालाई कसरी लिन्छ भन्ने कुरा प्रमुख हो । यदि अनुसन्धान गर्ने तहमा दलित समुदायको प्रतिनिधित्व छ भने अपराधका रुपमा लिन सक्छ । तर अधिकांश ठाउँमा गैरदलित समुदायका व्यक्ति हुने र उनीहरूलाई खासै अपराधका घटना जस्तो लाग्दैन । त्यसकारण विभेद र छुवाछुतका घटना प्रहरीसम्म जाँदैनन्,' उहाँले भन्नुभयो ।

कर्णाली प्रदेश सभाका सांसद एवम् पूर्वमन्त्री रणसिंह परियार विभेदको शैली फेरिएको बताउनुहुन्छ । 'हिजो प्रत्यक्ष दलितहरूलाई हेपेर विभेद हुन्थ्यो । म पानी खान्छु । चिया खान्छु । उता जा भन्ने, होटेलमा समेत भाँडा आफैले धुनुपर्ने स्थिति थियो । अहिले जातीय विभेदको शैली र रुप परिवर्तन भएको छ । हिजो त्यसो भन्नेहरू अहिले आफै नखाएर तर्कने, मलाई खान मन छैन भन्छन् । त्यो पनि विभेद हो,' उहाँले भन्नुभयो । दलित जनप्रतिनिधिहरूले समेत निर्णय प्रक्रियामा विभेद भोगेको उहाँको गुनासो छ । 'दलित जनप्रतिनिधहरूले आफ्ना एजेण्डा र निर्णयहरू ल्याउँदा संख्या हेरेर विभेद गरिन्छ । अझ स्थानीय तहमा रहेका दलित महिला जनप्रतिनिधिहरूलाई त हस्ताक्षर मात्रै गराइन्छ । उनीहरूका कुराहरूको सुनुवाई हुँदैन । प्रदेश सभामा हाम्रो उपस्थिति थोरै भए पनि विभेद र अन्यायका विरुद्ध आवाज उठाइरहेका छौं । तर, कार्यान्वयन पक्षमा भने चुनौती नै छ,' उहाँले भन्नुभयो ।

कर्णाली प्रदेश प्रहरी कार्यालयका एसपी राजन चपागाईं प्रहरीले जातीय विभेद र छुवाछुतका मुद्दालाई प्राथमिकता दिएर काम गरिरहेको बताउनुहुन्छ । 'प्रहरी साझेदारी कार्यक्रम मार्फत जातीय विभेद र छुवाछुतका विषयमा नागरिकलाई सचेतना जगाएका छौं । विभिन्न सङ्घसंस्था र सरकारी निकायको समन्वयमा यस्त जघन्य अपराध, जो अनुसन्धान र अभियोजन गर्नुपर्ने खालका घटनालाई मिलापत्र गर्नुहुँदैन भनेर सचेतना फैलाइरहेका छौं । त्यति मात्रै होइन, दलित समुदायले आफूमाथि भएका विभेद र छुवाछुतका विषयमा सहजै आफ्ना कुराहरू राख्न सकून् भन्ने उद्देश्यले हरेक जिल्ला प्रहरी कार्यालयमा दलित डेस्क छ । त्यहाँबाट समेत यस्ता घटनाका विषयहरू कानूनी प्रक्रियामा जान्छन्,' उहाँले भन्नुभयो । पछिल्लो समय कानूनको विषयमा जानकार भएपछि प्रहरीसमक्ष यस्ता मुद्दा आउन थालेको एसपी चपागाईं बताउनुहुन्छ । प्रहरीलाई जानकारीमा आएसम्म यस्ता घटनाहरूलाई कानूनी प्रक्रियामा अगाडि बढाइएको उहाँको भनाइ छ ।

सरकार ढल्छ भन्नेहरु गल्न थालेका छनः प्रधानमन्त्री



काठमाडौँ ।
प्रधानमन्त्री एवं नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा थाइल्याण्डबाट फर्केपछि सरकार ढल्छ भनेर भ्रम फैलाउनेहरु अहिले फलक्क गलेका टिप्पणी गरेका छन ।
नेकपा (एमाले) संसदीय दलको बैठकमा उनले त्यस्ता भ्रमको पछाडि नलागेर आफ्नो काम र 'मिसन'मा केन्द्रित दलका सांसदहरुलाई निर्देशन दिनुभएको प्रधानमन्त्रीको निजी सचिवालयले जनाएको छ ।
'सरकार बाङ्गिसक्यो । शेरबहादुरजी थाइल्याण्डबाट आइपुग्नेबित्तिकै ढल्छ भनेर भनेका थिए । मैले त भ्रम फिँजाउनेहरुका पछाडि नलाग्नुस् । आफ्नो मिसनमा लाग्नुस् भनेकै थिएँ । शेरबहादुरजीले सरकार ढल्दैन भनेपछि भ्रम फैलाउनेहरु फल्याक्क भएका छन्, सरकार ढल्दैन भनेपछि सकियो । त्यसकारण एउटै कुराको जवाफ धेरै पटक खोज्नतिर हामी लाग्नुहुँदैन', प्रधानमन्त्री ओलीले भने, 'मुलुकमा राजनीतिक स्थायित्व, विकास, सुशासन र समृद्धिका लागि दुई ठूला दलको सहकार्यमा बनेको सरकारले आगामी आर्थिक वर्षका लागि सन्तुलित बजेट निर्माण गरिरहेको छ । हामी सबैको ध्यान त्यसमा केन्द्रित छ । हल्लाको पछाडि कोही लाग्नुपर्दैन ।'
प्रतिगमनकारीहरुले आन्दोलनका नाममा हिंसात्मक तथा संविधान विरोधी गतिविधि गरेकाले त्यसको सशक्त प्रतिकार गर्नुपर्नेमा जोड दिँदै संसदीय दलका नेता नेता ओलीले अवाञ्छाति गतिविधि गर्नेलाई कानुनको दायरामा ल्याउन सरकार पछि नपर्ने बताए ।
अमेरिकी सरकारसँग भएको सम्झौता र दुवै देशका संसद्बाट पारित मिलेनियम च्यालेन्ज कर्पाेरेशन (एमसिसी) अमेरिकी पक्षबाट बन्द गरिएको सन्दर्भ उल्लेख गर्दै प्रधानमन्त्री ओलीले अब नेपालले आफ्नो विकास अरुको आशमा नभई आफैले गर्नतिर लाग्नुपर्ने बताए ।
'एमाले मिसन २०८४' मार्फत बलियो राष्ट्रिय शक्तिका रुपमा रुपान्तरण हुन लागेकाले आन्तरिक एकता र पारस्परिक सहकार्यमा लाग्नुपर्नेमा उनले जोड दिए ।
प्रधानमन्त्रीले पार्टी दस्तवेजहरुको अध्ययन गर्न र परिस्थितिलाई बुझेर जनताका समस्या कसरी उठाउने र समाधान गर्ने भन्नेतर्फ केन्द्रित भई मर्यादित, सुसंस्कृत एवं तथ्यमा आधारित भएर सदनमा प्रस्तुत हुन निर्देशन दिए ।रासस

'राजनीतिक उपलब्धिको रक्षा गर्ने जिम्मेवारी माओवादीको हो'



काठमाडौँ ।
नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले लामो सङ्घ र जनताको वलिदानबाट प्राप्त राजनीतिक उपलब्धिको रक्षा गर्ने प्रमुख जिम्मेवारी माओवादी केन्द्रको भएको बताएका छन ।
प्रेस सेण्टर नेपालको पाँचौँ राष्ट्रिय महाधिवेशनबाट निर्वाचित केन्द्रीय समितिका पदाधिकारीको शपथ तथा पद हस्तान्तरण कार्यक्रममा उनले सङ्घीय लोकतान्त्रिक गणतन्त्रका उपलब्धिको रक्षा तथा यो शासन व्यवस्थालाई सुदृढ गर्न माओवादी केन्द्र सधैँ लागिरकने बताए ।
आफ्नो पार्टी जनतासँगको सम्बन्धलाई सुदृढ गर्ने प्रयासमा रहेको उल्लेख गर्दै अध्यक्ष दाहालले हुलाकी राजमार्ग केन्द्रित अभियानपश्चात् मध्यपहाडी लोकमार्ग र उपत्यकासहित सहरी क्षेत्रमा पनि अभियान सञ्चालन गरिने बताए । पृथक प्रसङ्गमा अध्यक्ष दाहालले चिकित्सक एवं शिक्षकका जायज माग वार्ताका माध्यमबाट समाधान गर्नुपर्नेमा जोड दिए ।
पार्टी उपाध्यक्ष अग्निप्रसाद सापकोटाले विचार र नेतृत्वका कारण जनताले माओवादीलाई रुचाएका बताए ।
पत्रकार राष्ट्रका पहरेदार भएकाले सत्यतथ्यमा आधारित समाचारका माध्यमबाट जनतालाई सुसूचित गर्नुपर्नेमा जोड दिए ।
सेण्टरका पूर्वअध्यक्ष विष्णु सापकोटाले श्रमजीवी पत्रकारको हकहितलाई केन्द्रमा राखेर सङ्गठन अघि बढ्नुपर्ने सुझाउ दिए ।
नवनिर्वाचित अध्यक्ष कमल गिरीले जनपक्षीय पत्रकारिता, श्रमजीवी पत्रकारको हकहित, स्वरोजगार सञ्चारमाध्यमको पक्षमा निरन्तर लागि रहने प्रतिबद्धता व्यक्त गरे ।रासस

बौद्ध शिक्षा संसारभर फैलाउनुपर्नेमा प्रधानमन्त्रीको जोड

लुम्बिनी ।
प्रधानमन्त्री केपी शर्मा ओलीले द्वन्द्व र द्वेष बढेको वर्तमान अवस्थामा बैद्धधर्मका प्रवर्तक महात्मा बुद्धद्वारा प्रतिपादित शान्तिको मार्गमा हिँड्न सबैलाई प्रेरित गर्नुपर्नेमा जोड दिए ।
साथै उनले बुद्धले देखाउनुभएको अहिंसा र शान्तिको मार्गलाई संसारभर फैलाउने बेला आएको पनि बताए ।
बुद्ध जन्मस्थल लुम्बिनीमा शनिवारदेखि सुरु भएको चौथो एसियाली बौद्ध सांस्कृतिक महोत्सवको उद्घाटन गर्नुहुँदै प्रधानमन्त्री ओलीले यस किसिमका कार्यक्रमले लुम्बिनीलाई अन्तरराष्ट्रिय बौद्ध दर्शन र शिक्षाको अझ ठूलो केन्द्रबिन्दु बनाउन सहयोगी हुने विश्वास व्यक्त गरे ।
प्रधानमन्त्रीले दुनियाँमा युद्धका बादलहरू मडारिरहेको अवस्थामा युद्ध गर्नका लागि, सैन्य शक्तिलाई परिचालन गर्नका लागि जल, स्थल र आकाश सबै ठाउँबाट सबै ठाउमा युद्ध गर्न सकिने अत्याधुनिक हतियार निर्माण भएका छन्,



विश्वशान्तिका लागि चुनौती बनेका बताए । 'संसारमा खतरनाक हतियार निर्माण भएका छन्, युद्ध र हिंसाबाट शान्ति स्थापना हुँदैन', प्रधानमन्त्री ओलीले भने ।
उनले बौद्धधर्म, कला, साहित्य, इतिहास, अनुसन्धान र अन्तरसंवादका माध्यमबाट एसियाली बौद्धसंस्कृति र सम्पदाको प्रवद्र्धन गरी विश्वशान्ति स्थापनामा महोत्सवबाट सकारात्मक सन्देश प्रवाह हुने विश्वास व्यक्त गरे ।
प्रधानमन्त्री ओलीले दुनियाँमा अशान्ति मच्चिरहेका बेला नेपालको अगुवाइमा गौतमबुद्धले देखाएका अहिंसा, शान्ति, मानवता र करुणा विस्तार भइरहेको बताए । उनले लुम्बिनीमा बुद्धका विचारहरुका बारेमा शिक्षा ग्रहण गर्ने, प्रवचन दिने, मन्थन गर्ने, ध्यान विपश्यना गर्नेजस्ता कार्यक्रमका लागि उपयुक्त स्थानको व्यवस्था गर्न संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्रीको ध्यानाकर्षण गराए ।
बौद्ध संस्कृति, चिनियाँ संस्कृति, कला, परम्परागत बौद्ध चिकित्सा तथा बौद्ध शिक्षामा केन्द्रित रहेर ४० वटा कार्यपत्र महोत्सवमा प्रस्तुत गरिने जनाइएको छ ।
महोत्सवमा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्री पाण्डे, लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यलगायत विशिष्ट व्यक्तिहरुको उपस्थिति थियो । महोत्सवमा ४० देशका प्रतिनिधि सहभागी छन् ।
महोत्वस लुम्बिनी विकास कोषका उपाध्यक्ष ल्यारक्याल लामाको अध्यक्षतामा भएको हो ।
महोत्सव बौद्धदर्शन र संस्कृतिको प्रवद्र्धन गरी विश्वमाशान्ति, सद्भाव अभिवृद्धि गर्ने उद्देश्यले लुम्बिनी विकास कोष, सारिपुत्र फाउण्डेशन नेपाल र चिनियाँ संस्कृति प्रवद्र्धन समाजले आयोजना गरेको हो ।रासस

पूर्ण समानुपातिक निर्वाचन प्रणालीको अभ्यासमा तत्काल जुट्नुपर्छः वामदेव गौतम

नेपाल कम्युनिष्ट पार्टी राष्ट्रिय एकता अभियानका अध्यक्ष तथा राष्ट्रियसभा सदस्य वामदेव गौतमले मुलुकलाई हालको आर्थिक अवस्थाबाट माथि उठाउन अब समाजवाद निर्माणमा ढिलाइ गर्न नहुने बताएका छन ।

सांसद गौतमसँग मुलुकको वर्तमान राजनीति, राष्ट्रियसभाको कार्य जिम्मेवारी र भूमिका, सुशासन र युवाको विदेश पलायनलगायत समसामयिक विषयमा रासकका प्रमुख समाचारदाता नारायणप्रसाद न्यौपाने र समाचारदाता सुशील दर्नालले लिएको अन्तर्वार्ताको सम्पादित अंशः

पछिल्लो समय तपाईको दिनचर्या कसरी बितिरिहेको छ, आजभोलि के मा व्यस्त हुनुहुन्छ ?

नेपाल कम्युनिष्ट पार्टी राष्ट्रिय एकता अभियान सञ्चालन गरी नेपालका कम्युनिष्ट पार्टीहरूलाई एकीकृत गर्ने अभियानको काम गर्दैआएको थिएँ । त्यो सम्भव भएन । अहिले पनि पार्टी एकताको निम्ति विभिन्न पार्टीसँग छलफल भइरहेको छ । पार्टी मात्रै खोलेर राम्रो हुँदैन, कम्युनिष्ट पार्टीबीचमा एकता गर्दै जानुपर्छ भन्ने उद्देश्यले नेकपा (एकीकृत समाजवादी) सँग एकताको निम्ति छलफल भइरहेको छ । अध्यक्ष तथा पूर्वप्रधानमन्त्री माधवकुमार नेपाललगायतका नेतासँग वार्ता सुरू भएको छ । केही समय पहिला नेकपा (एमाले) सँग पार्टी एकताको निम्ति पहल गरिएकामा उहाँहरूले एकता हुँदैन, प्रवेश गर्न आए स्वागत छ भन्नुभयो । त्यहीअनुसार तयार भइयो उहाँहरूले नै ढोका बन्द गर्नुभयो । मेरा निम्ति नेकपा (एमाले) र नेकपा (एकीकृत समाजवादी) पनि एमाले नै हो । किनभने मैले निर्माण गरेका कार्यकर्ता र सँगै काम गरेका नेताहरू दुवै दलमा हुनुहुन्छ ।

तपाईसँग लामो राजनीतिक अनुभव छ, अहिले मुलुकमा भइरहेको संसदीय र राजनीतिक अभ्यासलाई कसरी हेर्नुभएको छ ?

संसारभरिको संसदीय अभ्यास करिब हाम्रोजस्तै हो । तर अन्य मुलुकमा संसद्ले काम गरेको हुन्छ । युरोपेली देश र अमेरिकामा पनि संसद् छ । तर, अमेरिकालगायत कतिपय देशमा शासन प्रणाली फरक छ । नेपालमा भने संविधानमा समाजवादान्मुख अर्थतन्त्र भनियो त्यसमा काम गर्न ढिला भएको छ । त्यसको अभ्यासमा अति कति ढिला भयो भने सबै बिग्रन्छ । हामीले जुन दिन संविधान जारी गरेको हो, त्यही दिनदेखि समाजवाद निर्माण थाल्न पथ्र्यो । अलमलमा पर्‍यौँ । संविधान जारी गर्ने बेलाको शक्ति तितरबितर हुँदै सत्ताको खेलमा केन्द्रित भएको देखिन्छ । जुन पार्टी मिलेर संविधान बनाएको हो, उनीहरू मिलेर समाजवाद अगाडि बढाउनुपर्ने थियो । त्यो हुन सकेन । समाजवाद कहाँकतैबाट टिपेर लिएर राख्ने होइन, आफैँले निर्माण गर्ने हो । अब समाजवादसँगै विकासको कामलाई अगाडि बढाउनुपर्ने छ । समाजवादमा सबै जनता मिलेर उत्पादन गर्ने भएकाले उत्पादित वस्तुमा सबैको अधिकार हुन्छ । संविधानले प्रजातान्त्रिक समाजवादको परिकल्पना गरेकाले त्यसैमा जानुपर्छ । समाजवादमा पनि बहुदलीय राजनीतिक प्रणाली हुन्छ । अहिले अभ्यासमा रहेको संसद्ले कार्यकारी प्रधानमन्त्री चुन्ने व्यवस्था हाम्रा लागि गलत छ । त्यही भएर अहिलेसम्म पनि पाँच वर्षसम्म एउटै व्यक्ति प्रधानमन्त्री हुन पाएको छैन । जसले अराजकता र जथाभावी हुन पुगेको छ । यस्तो चरित्र भएको अभ्यासले जनताको जीवनस्तरमा सुधार ल्याउने र विकासका काम हुँदैन । विकास भनेको उत्पादन अनि निर्माण गर्ने हो । त्यो समयमा हुन नसक्दा परिस्थिति आजसम्म बिग्रिँदै गएको छ । अवस्था बिग्रिँदै जाँदा एकथरि मानिस पहिल्यै समाप्त भएका राजालाई ल्याउनुपर्छ भनेर लागेका छन् । यो मुलुकमा राजा कोही छैन ।

निरङ्कुशताले घुँडा टेकेको, जनताले जितेको दिन लोकतन्त्र दिवसमा सङ्घर्ष गर्ने नेताहरूप्रति प्रशंसा हुनुपर्ने हो, तर यो हुन सकेको छैन, यसमा



तपाईको भनाइ के छ ?

देशको परिवर्तनका निम्ति लामो सङ्घर्ष गर्नुभएका अहिले नेतृत्व गर्नुभएका सबै नेताहरू असफल हुनुभएको छ । अहिलेसम्म राज्य सञ्चालनमा पुग्नुभएका प्रधानमन्त्रीहरूले देशको निम्ति जे गर्नुपर्ने थियो, त्यो गर्न सक्नुभएन । उहाँहरूसँग देशको विकासका निम्ति स्पष्ट दृष्टिकोण देखिएन । प्रधानमन्त्री वा मन्त्रीहरूले अवसर पाउनुभएको छ, तर अवसर पाएअनुसार काम गर्न सक्नुभएको छैन ।

तपाईसँग प्रतिनिधिसभाको लामो अनुभव छ, अहिले राष्ट्रिय सभामा हुनुहुन्छ । अहिले भइरहेको राष्ट्रियसभाको संसदीय अभ्यासलाई कसरी हेर्नुभएको छ ?

राष्ट्रियसभाको मेरो अनुभव कमजोर छ । पार्टीको प्रतिनिधिको रूपमा संसद्मा गएको भए अलि राम्रो भूमिका खेल्न सक्थे । तर म राष्ट्रपतिले मनोनीत गरेर विज्ञको रूपमा गएको हुँ । अरू सांसदले पार्टीको हिसाबले ४०–४५ मिनेट समय पाउँदा मैले पाउने समय दुई तीन दिनमा पाँच मिनेट मात्रै हो । त्यो पाँच मिनेट रोष्टममा जाँदा र आउँदामै सकिन्छ । यद्यपि मैले पाउने समयमा आफ्नो विचार दिने काम गर्दैआएको छु । त्यो सभामा राजनीतिक रूपमा कुनै पार्टिभित्र ल्याएका छन् । तिनै गुण्डालाई मन्त्री बनाइएको छ ।

अहिले चर्चामा रहेको संविधान संशोधनको विषयमा यहाँको धारणा के छ ?

सबैले संविधान संशोधन गर्ने मात्रै भनेका छन् । तर कुन विषयमा संशोधन भन्ने कुरा बाहिर ल्याएका छैनन् । सरकारले संविधान संशोधन भन्ने तर विषय नदिँदा झन कमजोर हुन्छ भन्ने मेरो भनाइ हो । सरकारले संशोधनका विषयलाई संसद्मा राख्नुपर्छ । तर संविधान संशोधन गर्ने भनेर जनतालाई भुलभुलैयामा राख्नु भनेको संविधानलाई कमजोर बनाउनु हो । संविधान संशोधनको विषयलाई बजारमा बिक्री गर्ने वस्तुको रूपमा प्रचार गरिनुहुँदैन ।
मैले सुनेअनुसार समानुपातिक निर्वाचन प्रणाली हटाउने भन्ने छ । यो प्रतिगामी हुन्छ । समानुपातिक प्रतिनिधित्व भनेको प्रतिनिधित्व नभएको समुदायको पनि प्रतिनिधित्व कसरी गर्ने भन्ने हो । नेपालमा एउटै मात्रै जाति छैन, एउटै मात्रै समुदाय छैनन् । अनेक जाति र समुदाय छन् । नेपालीहरू विभिन्न भाषा, भाषी, धर्म र संस्कृतिको हिसाबले मिलेर बसेको समाज हो । त्यसका लागि समानुपातिक व्यवस्था गरिएको हो । प्रत्यक्ष निर्वाचनमा आउन नसक्नेलाई समानुपातिकमा ल्याउनुपर्छ । समानुपातिक हटाउनु भनेको पश्चगामी विचार हो । अर्को, प्रत्यक्ष निर्वाचित कार्यकारी राष्ट्रपतिको निम्ति संविधान संशोधन गर्नुपर्छ । राष्ट्रपतिलाई नियन्त्रण गर्ने काम संसद्ले गर्छ । अहिलेको शासकीय प्रणाली असफल भइसक्यो । प्रधामन्त्री नौ महिनामा फेरिने व्यवस्था ठीक छैन । अहिलेसम्म एउटै व्यक्ति पाँच वर्ष प्रधानमन्त्री भएकै छैन । सङ्घीयता र संसद् कार्यसञ्चालनमा परिमार्जन गर्नुपर्नेछ ।

अहिलेको निर्वाचन प्रणाली अलि बढी खर्चिलो भयो भन्ने छ नि ?

यो सत्य हो । हामी पूर्ण समानुपातिक निर्वाचन प्रणालीमा जानुपर्छ । राष्ट्रपति, प्रदेश प्रमुख र पालिका प्रमुख प्रत्यक्ष निर्वाचित हुनुपर्छ । अरू सबै पूर्ण समानुपातिकमा जानुपर्छ । पूर्ण समानुपातिकमा जाँदा राजनीतिक पार्टीले व्यक्ति पठाउँछन् । जितेर आएपछि ती व्यक्तिले निर्वाचन क्षेत्र पाउँछन् । निरन्तर बसेर काम गर्ने प्रतिनिधिसभामा १५ जना भए हुन्छ । हरेक वर्ष दुई वटा अधिवेशन हुन्छन् । एक पटक विधेयक पारित गरेर कानुन बनाउने अर्को पटक कार्यक्रम र बजेट पारित गर्न हुन्छ । राष्ट्रियसभामा १० जना सांसद भए पुग्छ काम गर्नका लागि । त्यो भए कम खर्च हुन्छ । सांसदबाट सरकार बनाउने काम गर्न हुँदैन । निर्वाचनमा व्यक्ति होइन, पार्टी निर्वाचित हुनुपर्छ । यसो गर्न सकेमा देश छिट्टै समृद्धिको बाटोमा अगाडि बढ्छ ।

मुलुक अहिले तीन तहको सरकारको अभ्यासमा छ । उनीहरूबीचको समन्वय र सहकार्यलाइ कसरी मूल्याङ्कन गर्नुभएको छ ?

सरकार तीन तहकै हुनुपर्छ । स्थानीय तहलाई भने सरकार भन्न हुँदैन । प्रदेश र सङ्घीय सरकारलाई मात्रै सरकार मान्नुपर्छ । सात वटा प्रदेश सरकार र एउटा केन्द्रीय सरकार गरी जम्मा आठ वटा सरकार मात्रै हुन्छन् । तर अहिले ७६१ वटा सरकार छन् । यति धेरै सरकारलाई पाल्दापाल्दै राज्यको ढुकुटी सकिन्छ । अनि जनता गरिबको गरिब हुन्छन् ।

तपाईले सुरू गरेको कम्युनिष्ट पार्टीबीचको एकता अभियान कसरी अघि बढिरहेको छ ?

मैले देशमा एउटै कम्युनिष्ट पार्टी हुनुपर्छ भन्दै आएको हो । हामीले सिङ्गो राष्ट्रलाई केन्द्रमा राखेर हेर्नुपर्छ । राष्ट्रको निम्ति सोच्दा एउटै कम्युनिष्ट पार्टी हुनुपर्छ भन्ने हो । कम्युनिष्टसँग अरू पार्टी मिल्नु हुँदैन । कम्युनिष्ट एउटा विचार लिएर जाने हो, त्यसैले एउटा मात्रै कम्युनिष्ट पार्टी हुनुपर्छ । यद्यपि हामीले बहुदलीय प्रजातन्त्र अवलम्बन गरेको हुनाले जो कसैले पनि पार्टी खोल्न पाउने व्यवस्था छ । तर पार्टी खोल्न पाउने व्यवस्था अलि कडा पनि गर्नुपर्छ ।

तपाईको विचारमा कानून निर्माणको सवालमा राष्ट्रिय सभा के कतिको सक्रिय छ ?

राष्ट्रियसभालाई कमजोर बनाइएको छ । धेरै कानुन प्रातिनिधिसभामा उत्पत्ति हुन्छन् । कुनै कुनै कहिलेकाहीँ राष्ट्रियसभामा उत्पत्ति हुन्छ । दुई वटा विधेयक राष्ट्रियसभामा प्रस्तुत भयो भने दश वटा विधेयक प्रतिनिधिसभामा प्रस्तुत हुन्छ । राष्ट्रियसभामा मैले कानून निर्माण गर्ने सवालमा र अरू हिसाबले पनि कमजोर देख्छु । त्यसका बाबजुत राष्ट्रियसभाले जति काम गरेको छ, परिपक्व काम गरेको छ । त्यसकारण परिपक्वताको हिसाबले राष्ट्रियसभा उपयुक्त छ । यद्यपि संसारका धेरै देशमा राष्ट्रियसभा छैनन् । हामीले प्रत्यक्ष निर्वाचनबाट प्रतिनिधिसभा निर्माण गर्छौं । राष्ट्रियसभाका सांसदको मतदाता भनेको प्रदेश सांसद र पालिकाका प्रमुख र उपप्रमुख हुन् । प्रतिनिधिसभाभन्दा यो गम्भीर छ, यो स्थायी सभा हो । राष्ट्रियसभामा केही हैसियत प्राप्त गरेका व्यक्तिहरू हुनुपर्छ ।

अध्ययन र रोजगारीलगायतका कारण युवाको विदेश पलायनको घटनालाई कसरी हेर्नुभएको छ ?

अध्ययन र रोजगारीका लागि नेपालबाट मात्र होइन, चीन, जापान, कोरिया, भारत र युरोपका देशहरूबाट समेत हाम्रोभन्दा ३० औँ गुणा बढी व्यक्ति विदेश गएका छन् । अहिले विश्वव्यापीकरणको युग पनि हो । संसारबाट जति मानिस त्यहाँ गए पनि काम गर्न पाउँछन् । अमेरिका मात्रै होइन, अष्ट्रेलिया, चीनमा पनि संसारका देशबाट लुकेर काम गर्ने मानिस त्यतिकै छन् । त्यसकारण यसलाई त्यति ठूलो रूपमा लिनु हुँदैन । बर्बाद भयो भनेर चिन्ता गर्नु पर्दैन । नेपालमा समाजवाद आएसँगै सबै मानिस रोजगार भएपछि फर्कन्छन् । विदेशी मुद्रा आर्जन र विभिन्न विदेशी अनुभवको निम्ति पनि नेपालीलाई विदेश पठाउनुपर्छ ।रासस

कारागारभित्रै सीप सिकेर कमाउँछ कैदीबन्दीहरू

बागमती ।
मकवानपुरको भीमफेदी कारागारमा रहेका कैदीबन्दीहरू कारागारभित्रै सीपमूलक कार्य गरी राम्रो आम्दानी गर्दै आएका छन् । कारागार व्यवस्थापनले विभिन्न आरोपमा कैद भुक्तान गरिरहेका कैदीबन्दीलाई समाजमा पुनःस्थापित गराउने उद्देश्यले कारागारभित्रै सीपमूलक कार्य गर्न प्रेरित गरेपछि उनीहरू त्यसतर्फ आकर्षित भएका हुन् ।
कारागारभित्र कैदीहरू कोही गलैँचा बनाउन व्यस्त छन् भने कोही मुढा त कोही मैनबत्ती बनाउन व्यस्त रहेको दृश्य कारागारभित्र देख्न सकिन्छ । कैदीबन्दीमध्ये धेरैले कुनै न कुनै सीपमूलक काम गरेर आयआर्जन गरिरहेका छन् ।
कतिपय कैदीबन्दीहरूलाई जेलमा भेट्न आउने आफन्तसँग भेटघाट गर्नसम्म फुर्सद हुँदैन । कैदीबन्दीहरू सीपमूलक कार्य गरेर मासिक १५ हजार रुपैयाँदेखि २० हजार रुपैयाँ सम्म आम्दानी गर्ने गरेका छन् । विभिन्न कारण र बाध्यतामा अपराध कर्म गरे पनि कारागारभित्रै सीप सिकेर आम्दानी गर्न पाउँदा समाजमा पुनःस्थापित हुन समेत सहज हुने कैदी जयराम रुम्बाले बताए ।
अदालतबाट जेल सजाय पाएपछि जीवन नै सकियो भनेजस्तो लागेको थियो', मकवानपुरका रुम्बाले भने, 'तर जेलमा आएर गलैँचा बनाउने सीप सिकेपछि फेरि समाजमा इमान्दारीपूर्वक काम गरेर जीवन बिताउन सकिन्छ भन्ने आशा जागेको छ ।' उनले गलैँचा बनाएर महिनाको १६ हजारसम्म कमाइरहनु भएको छ । यो कमाईले उहाँलाई पकेट खर्च चलाउन समस्या छैन ।
रुम्बासँगै कारागारको १ नम्बर ब्लकमा रहेका भक्तबहादुर गुरुङले पनि विगत चार वर्षदेखि कारागारभित्रै गलैँचा बनाएर आम्दानी गर्दै आएका छन । 'कम्पनीले कारागार व्यवस्थापनमार्फत गलैँचा बनाउन अडर पठाउँछ, त्यसपछि हामी तयार पारेर कम्पनीलाई दिन्छौँ', गुरुङले भने, 'हामी २०÷२५ जना गलैँचा बनाउन सिकेका छौँ, हामीले बनाएको गलैँचा स्तरीय भएकालेबढी अडर आउनेगर्छ ।'
दुई हजार कैदीबन्दी राख्ने क्षमता रहेको भीमफेदी कारागारमा अहिले एक हजार २४ कैदीबन्दी छन् । सो कारागारमा लागुऔषध, जबर्जस्ती करणी, ज्यानलगायत मुद्दाका बढी कैदीबन्दी छन् । यीमध्ये धेरैले बाँसको मुढा र मैनबत्ती बनाउँदै आएका छन् । 'विभिन्न मुद्दामा परेर जेल आउने र जाँदा सीप सिकेर फर्किने गरेका छन', कारागारभित्र बाँसको मुढा बनाउन व्यस्त सीताराम महतोले भने, 'जेल सुध्रिने ठाउँ मात्र होइन, गर्नेहरूका लागि सीप सिकेर आयआर्जन गर्ने ठाउँका रूपमा विकास भइरहेको छ ।'
कैदीबन्दीलाई कारागारभित्र सुधार्नका साथै सीपमूलक कार्यमा अभिप्रेरित गर्ने कार्य भइरहेको कारागारका कैदी जलबहादुर गुरुङको कथन छ । 'कारागारमा रहेका अधिकांश कैदीबन्दी कुनै न कुनै सीपमूलक कार्य गरेर आयआर्जन गरिरहेका छन', गुरुङले भने, 'यहाँ रोजगार गरेर कमाउँछुभन्दा कमाउन सक्ने ठाउँ पनि हो ।' कैदीबन्दीको बिहान ८ बजेदेखि बेलुका ५ बजेसम्म मुढा र मैनबत्ती बनाउनु दैनिकीजस्तै भइरहेको कैदीबन्दीको भनाइ छ । भीमफेदी कारागारका प्रमुख जेलर सुवास पौडेलका अनुसार कारागारमा रहेका कैदीबन्दीमध्ये २५० जना गलैँचा, १५० जना मुढा बनाउने र ५० जना मैनबत्ती बनाउन र पाँच जना पोते बनाएर कारागारभित्रै आयआर्जन गर्दै आएका छन् । कैदीबन्दीलाई सीप विकास गर्नसके राज्यको आर्थिक भारमा समेतमा सहुलियत हुने प्रमुख जेलर पौडेलले बताए । 'सरकारले पनि जेल सजाय भोगिरहेका कैदीबन्दीलाई समाजमा पुनःस्थापित गराउनुपर्छ भन्ने मान्यता राखेको छ', प्रमुख जेलर पौडेलले भने, 'सरकारको त्यही मान्यताअनुरूप कारागारभित्रै कैदीबन्दीलाई सीपमूलक काम सिकाएर आम्दानीको स्रोत पहिल्याई दिएका हौँ ।' यसबाट कैदीबन्दीलाई कारागारमा रहँदा समय बिताउन समस्या पनि नहुने र आयआर्जन समेत गर्न सकिने र पछि फर्किएर समाजमा पनि सहजरुपमै जीवनयापन गर्न सकिने प्रमुख जेलर पौडेलको भनाइ छ । कारागारलाई सुधारगृहको रुपमा विकास गर्ने सरकारी नीतिलाई व्यवहारिक रूपमा कार्यान्वयन गर्न कैदीबन्दीलाई सीपमूलक तालिम दिएर स्वरोजगार बनाउनुपर्ने देखिन्छ ।

छ कट्ठा जग्गामा सागसब्जीखेती वार्षिक तीन लाख आम्दानी

कैलाली ।
कैलालीका किसानलाई सागसब्जीखेती घर खर्च चलाउने माध्यम बन्न थालेको छ । यहाँका किसान व्यावसायिक रूपमा सागसब्जीखेती गर्दै आएका छन् । जिल्लाको गोदावरी नगरपालिका–८ फकलपुरका जगतराम चौधरीले सागसब्जी बेचेर परिवारको भरणपोषण गर्दै आएका छन । विगत १५ वर्षदेखि व्यावसायिक रुपमा सागसब्जीखेती गर्दै आएको बताउँदै उनले यसबाट आकर्षक आम्दानी पनि हुने गरेको जानकारी दिए ।
उनले भने, 'छ कट्ठामा सागसब्जी लगाएको छु । वार्षिक तीन लाखसम्म आम्दानी हुन्छ । आठ जनाको परिवार छ । बालबच्चाको पढाइ, घर खर्च सागसब्जी बेचेर चलाउने गरेको छु ।'उनले जैविक मल मात्र प्रयोग गरेर खेती गर्दै आएको बताए ।
सागसब्जीखेती बिक्रीमा समस्या नहुने बताउँदै उनले नजिकैको अत्तरिया बजारमा लगेर सागसब्जी बिक्री गर्ने गरेको जानकारी दिए ।
सागसब्जीखेतीबाट मनग्गे आम्दानी हुने उनले बताए ।
सोही स्थानका धनलाल चौधरीले चार कट्ठा जग्गामा लामो समयदेखि व्यावसायिक सागसब्जीखेती गर्दै आएको बताए । उनले भने, 'आम्दानी प्रशस्त हुन्छ । सागसब्जीखेतीबाट वार्षिक रु दुई लाख बढी आम्दानी हुन्छ । गाह्रोसारो पर्दा ऋण लिनुपर्दैन ।'रासस

औद्योगिक सम्पत्तिको दर्तालाई प्रोत्साहन गर्न जरुरीः अध्यक्ष ढकाल



काठमाडौँ ।
नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले औद्योगिक सम्पत्तिको दर्तालाई प्रोत्साहन गर्ने गरी राज्यको भूमिका बढाउनुपर्नेमा जोड दिएका छन ।
विश्व बौद्धिक सम्पत्ति दिवसका अवसरमा उद्योग वाणिज्य तथा आपूर्ती मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उडड्यन मन्त्रालय, उद्योग विभाग, प्रतिलिपि अधिकार राजिष्ट्रारको कार्यालयले आयोजना गरेको कार्यक्रममा उनले बौद्धिक सम्पत्ति (आइपी)बारे पर्याप्त ज्ञानको अभावले पनि यसको संरक्षणमा चुनौती थपिएको धारणा राखे ।
अध्यक्ष ढकालले कतिपय अवस्थामा टे«डमार्कका विषयमा विवादहरु आउने गरेकाले यसको समाधानमा हुनुपर्नेमा जोड दिए । यस्तै उनले ट्रेडमार्क तथा पेटेन्टका विषयमा पर्ने उजुरी र यसको सुनुवाइको प्रक्रियालाई सरल रहज र छिटो गर्नुपर्ने बताए ।
'नेपालको कानुनले पनि बौद्धिक सम्पत्तिलाई कानुनमा सुरक्षित गरेको छ ।
जसले पेटेन्ट, प्रतिलिपि अधिकार र ट्रेडमार्कलाई सुरक्षित राख्न सहयोग पुगेको छ, यसप्रकारका कार्यक्रमले बौद्धिक सम्पत्तिका विषयमा जनचेतना अभिवृद्धिमा ठूलो सहयोग पुग्ने विश्वास छ', उनले भने ।
उनले गीतसङ्गीत क्षेत्र मनोरञ्जन उद्योगका रुपमा विकास हुँदै आएको अवस्थामा सर्जकहरुले सिर्जनाको संरक्षण आवश्यक रहेको बताए ।
विश्व बौद्धिक सम्पदा सङ्गठन (वाइपो)ले पहिलो विश्व आइपी दिवस २००१ मा मनाएको थियो ।
सङ्गठनले हरेक वर्ष फरक–फरक नारा तय गरी यो दिवस मनाउँदै आइरहेको छ । संङ्गठनले यस वर्ष 'आइपी एण्ड म्युजिक फिल द बिट अफ आइपी' नारा तय गरेको छ ।रासस

अबको ५ वर्षमा ४० बर्ष पछि अमेरिकामा मुस्लिम जनसंख्या हुनेछ दोब्बर, सबैभन्दा बढी पाकिस्तानी



वासिंगटन डिसी, १३ बैशाख । सन् १९९० देखि २०३० सम्म अमेरिकामा मुस्लिम अध्यागमनमा ठूलो वृद्धि हुने देखिएको छ । यस श्रृङ्खलामा पाकिस्तान, बंगलादेश र इरान जस्ता देशबाट आउने मुस्लिमहरू जनसंख्या संख्या थप बढ्ने देखिएको हो । सन् १९९० को दशकदेखि अमेरिकामा मुस्लिम आप्रवासीको संख्यामा लगातार वृद्धि भएको छ ।
प्यू रिसर्च सेन्टरको प्रतिवेदन अनुसार सन् १९९२ मा मुस्लिम आप्रवासीको संख्या झण्डै ५०,००० बाट बढेर सन् २००९ सम्म १ लाख १५,००० भन्दा बढी पुगिसकेको छ। रिसर्च सेन्टरको रिपोर्टले देखाउँछ कि अमेरिकी समाजमा मुस्लिम समुदायको सहभागिता सांस्कृतिक रूपमा मात्र नभई जनसंख्या स्तरमा पनि निरन्तर बढिरहेको छ।
२००१ मा ९/११ आतंकवादी हमला पछि अमेरिकाले आफ्नो अध्यागमन कानूनलाई कडा त बनायो, जसले वृद्धिमा अस्थायी गिरावट पनि ल्यायो। तर, सन् २००९ पछि भने यो संख्या फेरि बढ्न थालेको छ, जसले अमेरिकामा बढ्दो मुस्लिम समुदायलाई सङ्केत गरेको छ । सो प्रतिवेदन अनुसार सन् २०३० सम्ममा प्रत्येक वर्ष करिब १ लाख ३० हजार मुस्लिमहरूले अमेरिकामा स्थायी बसोबासको स्थिति प्राप्त गर्न सक्नेछन्। तीमध्ये सबैभन्दा ठूलो संख्या पाकिस्तानबाट आउनेहरूको हुनेछ, जुन प्रति वर्ष लगभग २२,००० भन्दा बढी हुनेछन् ।
अमेरिका आउने अन्य मुस्लिम देशहरूको सूचीमा पाकिस्तानपछि बंगलादेश (१६ हजार), सोमालिया (१४ हजार), इरान (११ हजार) र इराक (७ हजार) आउने छन्। मुस्लिम देशबाट अमेरिका आउनेमा सबैभन्दा धेरै पाकिस्तानी रहेका छन् । अमेरिकामा रहेका कुल ८८.५५ प्रवासी मुस्लिमको आधारमा ९६.४५ प्रतिशत मुस्लिम जनसंख्या पाकिस्तानी छन्। १९९२ मा संयुक्त राज्य अमेरिकामा स्थायी बसोबास प्राप्त गर्ने सबै आप्रवासीहरूको ५.१ प्रतिशत मुस्लिमहरू थिए तर, २००९ सम्म यो १०.२ पुगेको थियो । अब उनीहरूको सन्तान पनि त्यहाँ जन्मिसकेका छन् । जसकारण प्यू प्रक्षेपणका अनुसार अमेरिकाको अध्यागमन संरचनामा मुस्लिम समुदायको बलियो उपस्थितिलाई झल्काउने गरी सन २०३० सम्ममा यो हिस्सा ११.४ प्रतिशत सम्म बढ्न सक्छ ।एजेन्सी

ट्रम्पको दुत मस्कोमा रहेकै बेला रूसी सैन्य कमाण्डरको हत्या



मस्को ।
रूसको शिर्ष सैन्य कमाण्डर जनरल यारोस्लाभ मोस्कालिक मारिएका छन् ।
मस्कोमा भएको कार बम हमलामा परी एक वरिष्ठ रुसी जनरलको मृत्यु भएको रुसी अधिकारीहरूले पनि पुष्टि गरेका छन्
जनरल यारोस्लाभ मोस्कालिक नवीनतम रुसी सैन्य कमाण्डर वा क्रेमलिन समर्थक व्यक्तित्व हुन् जसलाई रूस भित्र युक्रेनीहरूले लक्षित गरेको विश्वास गरिन्छ ।डोनाल्ड ट्रम्पका विशेष दूत स्टिभ विटकफले युक्रेन शान्ति वार्ताका लागि मस्कोमा राष्ट्रपति पुटिनलाई भेट्ने क्रममा यो बिष्फोट भएको हो, जुन पछिल्ला समयमा मारिएका सबैभन्दा उच्च सैन्य अधिकारी हुन् । यो हमलासँगै यो स्पष्ट भएको छ कि युरोप– युक्रेन मस्कोसँग हुने भनिएको शान्ति वार्ताबाट बाहिरिएका छन् ।यसअघि गत १७ डिसेम्बर २०२४ मा मात्रै रूसको विकिरण, रासायनिक र जैविक संरक्षण सेनाको नेतृत्व गरेका जनरल इगोर किरिलोभको मस्कोमा रहेको उनको अपार्टमेन्ट ब्लक बाहिर इलेक्ट्रिक स्कुटरमा लुकाइएको बम विस्फोट हुँदा अचम्म तरिकाले मृत्यु भएको थियो ।
त्यसको केही दिनअघि नै रुसी क्षेप्यास्त्र वैज्ञानिक मिखाइल शात्स्कीको मस्को नजिकैको जंगलमा गोली हानी हत्या गरिएको थियो । डिसेम्बर २०२३ मा इल्या किभा पहिले रुस समर्थक विचारधाराका साथ युक्रेनी सांसद मस्को बाहिर एउटा पार्कमा गोली हानी मारिएका थिए ।
अप्रिल २०२३ मा युद्ध समर्थक ब्लगर भ्लाडलेन टाटारस्की सेन्ट पिटर्सबर्गको एक क्याफेमा एक कार्यक्रमको क्रममा उनलाई दिइएको मूर्तिमा लुकाइएको बमले मारिएको थियो ।
युक्रेनी सुरक्षा सेवाहरूले यी हत्यामा आधिकारिक रूपमा संलग्नता स्विकार गर्दैनन् । तर, तिनीहरूले त्यस्ता हत्यामा चासो राख्छन् भन्नेमा कुनै शंका नभएको जनाइएको छ ।एजेन्सी

नेपाली क्रिकेटमा चुनौती र अवसर दुवैः नवनियुक्त प्रशिक्षक स्टुअर्टल

मधेशदृष्टि
काठमाडौं
नवनियुक्त क्रिकेट टोलीका नवनियुक्त प्रशिक्षक स्टुअर्टले नेपाली क्रिकेट सामु अवसर र चुनौती दुवै रहेको बताएका छन । यसलाई सदुपयोग गरेर अगाडि जाने हो भने क्रिकेटको उज्वल भविष्य रहेको बताए ।
नेपाल क्रिकेट (संघ क्यान) ले पहिलोपल्ट शनिवार एक कार्यक्रमका बीच प्रशिक्षक ललाई सार्वजनिक गरेको थियो । मोन्टी देसाइको स्थानमा दुई वर्षका लागि नेपाली क्रिकेट टोलीको प्रशिक्षण समाल्ने उनी शुक्रवार राती मात्र नेपाल आइपुगेका हुन् ।
पत्रकार सम्मेलनमा उनले नेपालमा आफ्नो लागि चुनौती र अवसर दुवै हुने उल्लेख गर्दै यसको अवसर र चुनौतीलाई मिलेर क्रिकेट खेलको विकासमा लाग्नुपर्नेमा जोड दिए । आफूले ठूलो टेस्ट टिमसँग पनि काम गरे पनि अब क्रिकेट विकासमा लाग्नुपर्छ भन्ने सोच राखेको उनले उल्लेख गरे ।
त्यसैले नेपालमा सबैभन्दा राम्रो अवसर पाउने बुझेर यहाँ आएको प्रशिक्षक ल बताउँछन् । उनले एसोसिएट टिमहरूमा नेपाल राम्रो टोली रहेको पनि उल्लेख गरेका छन् । तर नेपाललाई केही पक्षहरूको आवश्यकता छ भन्ने आफूले बुझेकाको उनले उल्लेख गरे ।
ती आवश्यक पक्षमा आफूले योगदान गर्नसक्ने उनको विश्वास रहेको छ । गत वर्ष डालसमा नेपालले अमेरिकासँग खेल्दा उनी अमेरिकी टोलीका प्रशिक्षक थिए । त्यतिबेला उनको टोली टी ट्वान्टी श्रृंखलामा ३–० ले पराजित भएको थियो । त्यतिबेला नै नेपाली टिममा धेरै क्षमतावान् खेलाडी रहेछन् भन्ने आफूले थाहा पाएको उनको भनाइ छ ।
साथै नेपालमा क्रिकेटप्रति धेरै प्यासन रहेको पनि आफूले थाहा पाएको उनी बताउँछन् । उनले नेपाली क्रिकेटमा नै आउनुको कारण पनि खुलाएका थिए । आफूm जे कारणले क्रिकेटमा आएको र त्यो महत्वपूर्ण पक्ष क्रिकेटप्रतिको लगाव नेपालमा रहेको पनि उनको बुझाइ छ । तर आफू कहिल्यै नेपाल आएको नआएकाले यहाँको अवस्था राम्रोसँग केही चुनौती पनि हुनसक्ने उनी बताउँछन् ।
ती चुनौती सामना गर्न उनी तयार पनि छन् । चुनौती सामना गरिएन भने करियरमा कहिल्यै विकास नहुने उनी बताउँछन् । उनले क्रिकेट खेलमा कहिल्यै पनि सिकेर नसकिने नि उल्लेख गरेका छन् ।
सधैँ राम्रो बन्ने प्रयास गर्नुपर्ने उनले औँल्याएका छन् । त्यसैले पनि आफू चुनौती लिन नेपाल आएको उनी बताउँछन् । नेपालमा धेरै क्षमतावान् क्रिकेटर रहेको र केही दिनमा ती ५३ जना खेलाडीहरूको प्रदर्शन देख्ने उनको विश्वास छ । अहिले क्यानले ५३ खेलाडीबाट चार टोली विभाजन गरी राखेको क्लोज क्याम्प र अभ्यास खेलप्रति उनले औँल्याउँदै यहाँबाट खेलाडीबारे जान्न मद्दत मिल्ने विश्वास व्यक्त गरेका हुन् ।
यहाँबाट राम्रो र बलियो टोली बनाउन मद्दत मिल्ने उनको विश्वास छ । यहाँबाट सिनियर मात्र होइन जुनियर खेलाडी र अर्को जेनेरेसनका खेलाडी पाउनेमा उनी बताउँछन् । अस्ट्रेलियन प्रशिक्षक ललेआफ्नो र अन्य प्रशिक्षकको प्रशिक्षणशैली केही फरक रहेको पनि बताए । खेलाडीहरूले नै आफ्नो बारेमा सोचुँन भन्ने उनको बुझाइ छ । जब उनीहरू मैदान खेल्न प्रवेश गर्छन् । त्यतिबेला खेलाडी आफैंले नै निर्णय लिन सकुँन भन्ने चाहना रहेको उनको भनाइ छ ।

शिक्षकका माग सम्बोधन गर्ने प्रयास जारी छः अध्यक्ष दाहाल

काठमाडौँ ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष तथा पूर्वप्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आन्दोलनरत शिक्षकका माग सम्बोधनका लागि आफ्नो पार्टीले सक्दो प्रयास गरिरहेको बताएका छन ।

नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) सिन्धुपाल्चोक–काठमाडौँ सम्पर्क समन्वय समितिको दोस्रो सम्मेलनको शनिवार उद्घाटन गर्दै उनले आफू प्रधानमन्त्री हुँदा शिक्षकसँग भएका सम्झौता कार्यान्वयनका निम्ति सक्दो प्रयास गरेको उल्लेख गरे ।

उनले संविधान, सङ्घीय लोकतान्त्रिक गणतन्त्र, समावेशी र समानुपातिक व्यवस्थालाई संस्थागत गर्न आवश्यक भएको बताए । 'हामी शान्ति प्रक्रियामा आएपछि पार्टीले विभिन्न गुट–उपगुट र फुट बेहोर्नुप¥यो, अहिले फेरि एकताको प्रक्रिया अघि बढेको छ, मलाई विश्वास छ, अब छिट्टै माओवादी धाराहरु मूलभूत रुपमा एकता भइसकेका हुनेछन' उनले भने ।

उनले पछिल्लो पटक आफू प्रधामन्त्री हुँदा गर्न सुशासन, सामाजिक न्याय, अन्तरराष्ट्रिय सम्बन्ध सुदृढीकरण र छिमेकीसँग नेपालको हित अनुकुल सहमति र सम्झौता गर्न लिइएका पहलको परिणामस्वरुप जनतामा माओवादीप्रतिको आशा र भरोसा जागेको दाबी गरे ।

आफ्नो पार्टीले सुरु गरेको हुलाकीमार्ग केन्द्रित अभियानले पनि माओवादी पार्टीप्रतिको आकर्षण बढ्दै गएको अध्यक्ष दाहालको भनाइ छ । उनले उक्त अभियानलाई भोलिदेखि पुनः सुरु गरी कञ्चनपुसम्म पु¥याउने समेत उल्लेख गरे ।

पूर्वप्रधानमन्त्री दाहालले आफ्नो पार्टीले सहिद, वेपत्ता परिवार, अपाङ्गता भएका व्यक्तिको पक्षमा केही काम गरेको भए पनि केही बाँकी रहेको बताए । 'हामीले जनतासामु संवाद गर्दैगर्दा जनताको हामीप्रतिको माया अझै प्रगाढ हुँदै गएको छ, हामीप्रति जनताको ठूलो विश्वास कायमै छ, त्यसकारण हामीले हाम्रा कमिकमजोरी सनतासामु प्रष्ट राख्नुपर्छ', उनले भने ।

पछिल्लो पटक आफ्नो पार्टीले झापादेखि कपिलवस्तुसम्म आइपुग्दा लाखौँ जनतासँग संवाद गरेको पनि उनले बताए । त्यस अवसरमा माओवादी केन्द्रका उपाध्यक्ष तथा पूर्वसभामुख अग्निप्रसाद सापकोटाले अब छिट्टै माओवादी धारका राजनीतिक दलबीच एकता हुने बताए ।रासस

म्यागदीमा 'आमा समूहसँग उपमेयर' कार्यक्रम

म्यागदी ।

महिलालाई व्यवसायमा आवद्ध गराई आत्मनिर्भर, स्वरोजगार र लैङ्गिक हिंसा न्युनीकरण गर्ने उद्देश्यले बेनी नगरपालिका–१ रत्नेचौर र वडा नं ५ पुलाचौरमा 'आमा समूहसँग उपमेयर' कार्यक्रम सञ्चालन भएको छ ।

समुदायस्तरमा महिला सशक्तीकरण र सामाजिक कामको अगुवाइ गरिरहेका आमा समूहसँग समन्वय गरेर महिलालाई स्थानीय स्रोतसाधन र सम्भावना भएको उद्यम व्यवसाय गरी आयआर्जनका काममा संलग्न गराउन कार्यक्रममार्फत सीप र प्रविधि सहयोग गरिएको छ।

बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले आमा समूहलाई परिचालन गरेर महिलालाई आर्थिक रूपमा सक्षम, आत्मनिर्भर, स्वावलम्बी र सामाजिक रूपमा सशक्तीकरण गर्ने उद्देश्यले कार्यक्रम सञ्चालन गरेको बताईन ।

'महिला आर्थिक रूपमा सक्षम भए भने हिंसा न्यूनीकरण, रोजगारीको सिर्जना र आत्मनिर्भर भई समाजमा अगाडि आउन सक्ने वातावरण बनाउने प्रयास गरेका हौँ,' उनले भनि



'आर्थिक वर्ष २०७९÷०८० देखि सुरु भएको चालु आर्थिक वर्षमा रु २० लाख बजेट बिनियोजन भएको कार्यक्रम वडा नं १ र ५ मा लागू भएको छ ।'

महिला आर्थिक रूपमा सक्षम भए भने हिंसा न्यूनीकरण, रोजगारीको सिर्जना र आत्मनिर्भर भई समाजमा अगाडि आउन सक्ने वातावरण बनाउने प्रयास गरेको उपमेयर लामिछानेले बताईन ।

नगर उपप्रमुख लामिछानेको प्रस्तावमा तीन वर्षअघि निर्वाचित कार्यपालिकाको पहिलो बैठकले यो कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको थियो ।

नगरपालिकाको महिला तथा बालबालिका शाखाका प्रमुख डमसरा पुनले पुलाचौर आमा समूहमार्फत सेतोढुङ्गा, पुलाचौर, नर्याँगाउँ र डडुवामा १२५ जनालाई च्याउ खेती, १३२ जनालाई धुप बनाउने र १७ जनालाई सिलाई कटाई तालिम प्रदान गरिएको जानकारी दिए ।

च्याउ खेती र धुप बनाउने समूहलाई दुई÷दुई दिन तालिम, विउ, एक÷एक वटा टनेल सहयोग गरिएको छ । तीन महिने सिलाई कटाई तालिममा सहभागीलाई उपकरण पनि सहयोग गरिएको छ । रत्नेचौरमा २० जनालाई बाँसबाट सजावटका सामग्री बनाउने तालिम सुरु भएको छ ।

दुई वटा समूहलाई च्याउ खेतीसम्बन्धी तालिम र प्रविधि सहयोग गरिने नगरपालिकाले जनाएको छ । आर्थिक वर्ष २०७९÷८० मा बेनी नगरपालिका–३ भकिम्लीमा कुखुरापालन र वडा नं ९ घतानमा चप्पल, दालमोड, नमकिन बनाउने तालिम सञ्चालन भएको थियो ।

गत २०८०/८१ मा बेनी नगरपालिका–१० पात्लेखेतमा सञ्चालन भएको कार्यक्रममा सहभागी महिलाले ब्यवसायिक रूपमा बाजा बजाउन र वडा नं २ खबरामा केराको थामबाट धागो बनाउने गरेका छन् ।

पुलाचौर आमा समूहका सचिव हिरा जिसी बानियाले बजारमा खपत हुने, बनाउन सजिलो, छिटो आम्दानी हुने भएकाले च्याउ खेती र धुप बनाउने सिप सिकेको बताईन । 'पहिलो चरणमा सामूहिक रूपमा च्याउ र धुप उत्पादन गर्छौं,' उनले भनिन 'परीक्षण सफल भएपछि व्यक्तिगत रूपमा व्यवसायिक हिसाबले ब्यवसाय गर्ने योजना छ ।रासस

जलवायु परिवर्तनबाट बालबालिका र युवा बढी प्रभावित'

काठमाडौँ ।

वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले जलवायु परिवर्तनबाट बालबालिका र युवाहरु प्रभावित भएको बताएका छन । नेपाल सरकार तथा संयुक्त राष्ट्र सङ्घ नेपालको संयुक्त आयोजनामा भएको 'वायु संवादः नेपालको जलवायु मुद्दाको केन्द्रमा बालबालिका तथा युवा' कार्यक्रममा उनले भने, 'जलवायु परिवर्तनका कारण बालबालिका तथा युवाहरुको स्वच्छ जीवन, स्वच्छ हावा, स्वच्छ पानी र हरियाली वतावरणमा बाँच्न पाउने अधिकार हनन भएको छ ।'

उनले जलवायू परिवर्तनले पारेको असरबारे सरकारले पैरवी र बहस तथा न्यूनीकरणमा निरन्तर प्रयासरत रहेको बताए ।

वन तथा वातावरण मन्त्रालयका सचिव डा राजेन्द्रप्रसाद मिश्रले बालबालिका र युवामा लगानी गर्नुपर्ने बताए । उनले भने, 'बालबालिका र युवा नै हाम्रा सम्पत्ति हुन् । ती सम्पत्तिलाई उग्रने र उम्रिने मौका सिर्जना गर्नुपर्ने आवश्यकता छ । बालबालिका तथा युवामा लगानी गरौँ । जलवायू परिवर्तन बारे बुझौँ आत्मसाथ गरौँ । सङ्कट न्यूनीकरणमा सबैले काम गरौँ ।'

नेपालका लागि संयुक्त राष्ट्र सङ्घका कार्यवाहक आवसीय संयोजक एलिस् अकुङ्गाले सबै बालबालिकाले सुरक्षित र स्वस्थ वातावरणमा हुर्कन पाउने अधिकार राख्नुपर्ने धारणा राखे । उने भने, 'जलवायु परिवर्तनले यस अधिकारलाई दैनिक रूपमा जोखिममा पारिरहेको छ ।'

युनिसेफका दक्षिण एसिया क्षेत्रीय जलवायू सल्लाहकार रक्षा राजेश्वरी थापाले नेपाल जलवायु परिवर्तनको असरबाट बालबालिका तथा युवाहरु बढी प्रभावित भएको बताए । अत्यधिक गर्मी, भीषण वर्षा, जलवायुजन्य विपद् र प्रदुषित हावापानीले स्वास्थ्यमा जोखिम पारिरहेको उल्लेख गरे ।

शिखर सम्मेलन सगरमाथा संवादको एक भागका रूपमा बालबालिका र युवाहरूमा समर्पित रहेको जनाइएको छ । यो नेपाल सरकार, संयुक्त राष्ट्र सङ्घ नेपाल र देशका युवा सञ्जालहरूले संयुक्त रूपमा आयोजना गर्ने युवा–नेतृत्वको कार्यक्रम हो ।

कार्यक्रममा देशभरिका १०० भन्दा बढी बालबालिका तथा युवाहरु सहभागी छन् । यो राष्ट्रिय संवाद नेपाल सरकारको आयोजनामा हुन गइरहेको अन्तरराष्ट्रिय सगरमाथा संवादको अगाडि बालबालिका तथा युवाको नेतृत्वमा जलवायु परिवर्तन प्रतिकार्यका विषयमा केन्द्रित कार्यक्रम थियो ।रासस

मेचीनगर नगरपालिकाद्वारा खाद्य उद्योगलाई रु ५० हजार जरिवाना

झापा ।

मेचीनगर नगरपालिकाले स्थानीय बजार र सहकारीको अनुगमन तीव्र बनाएको छ । अनुगमनका क्रममा त्रुटी भेटिएका व्यवसायीलाई जरिवाना र सहकारीलाई सचेत गराइएको छ ।

नगरकी उपप्रमुख मीना उप्रेतीको नेतृत्वमा गरिएको बजार अनुगमनको क्रममा मेचीनगर–९ को पूजा फुड प्रोडक्सन उद्योगमा उपभोग्य मिति गुज्रिएको पास्ता, सुजी र मैदा भेटिएको थियो ।

उद्योगका सञ्चालक पुष्पा जैसवाल चौधरीलाई उपभोक्ताको हितमाथि खेलवाड गरेको अभियोगमा ५० हजार रुपैयाँ जरिवाना गरिएको मेचीनगर नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारीले बताए । जरिवाना तिरेपछि अबोप्रान्त लापर्वाही नगर्ने शर्तमा नगरपालिकाले अनुगमनको क्रममा उद्योगमा लगाएको ताला खोलिदिएको छ ।

नगरपालिकाका खाद्य विश्लेषक दिपेन्द्र कार्कीले मेचीनगर–१० स्थित नन्दा फुड इन्डस्ट्रिज र मेचीनगर–१४ स्थित सिङ्गापुर बेभरेज नेपाल प्रालिसमेतमा अनुगमन गरिएको बताए ।

सरसफाइमा ध्यान नदिइएको पाइएका कारण नन्दा फुड इन्डस्ट्रिजका सञ्चालकलाई सचेत गराएर उद्योगमा सरसफाइको व्यवस्था मिलाउन निर्देशन दिइएको खाद्य विश्लेषक कार्कीले जानकारी दिए ।

यसैबीच, नगरपालिकाद्वारा गठित सहकारी समन्वय समितिले मेचीनगरको १५ वटा सहकारी संस्थामा स्थलगत अनुमगन गरेको छ ।

सहकारी समन्वय समितिको सचिवसमेत रहेका नगरपालिकाका अधिकृत कार्कीले १५ सहकारीमा अनुगमन गर्दा सहकारी मूल्य र मान्यता पालना नगरेका आठ वटालाई सुधिनका लागि सुझाव दिइएको बताए ।

समितिले मेचीनगर–१० को लङ्कासरी महिला संवृद्धि बहुउद्देश्यीय सहकारी संस्था, तारावारी शान्ति बचत तथा ऋण सहकारी संस्था, मेचीनगर–१४ को आपसी समाज बचत तथा ऋण सहकारी संस्था, विहानी बचत तथा ऋण सहकारी संस्था, मेचीनगर–१२ को सामूहिक अभियान बचत तथा ऋण सहकारी संस्था, सब्जीमण्डी कृषि सहकारी संस्था, चारआली बचत तथा ऋण सहकारी संस्था, मेचीनगर–१३ को आशावादी बहुउदेश्यीय सहकारी संस्थाको अनुगमन गरेको जनाएको छ ।

यसैगरी, मेचीनगर–१ को कृष्ण थुम्की सहकारी संस्था, मेचीनगर–२ को वौद्धमोड कृषि सहकारी संस्था, प्रेरणा कृषि सहकारी संस्था र ब्रमाण्ड अपाङ्ग तथा महिला बचत तथा ऋण सहकारी संस्था, मेचीनगर–४ को पानस कृषि सहकारी संस्था र साना किसान कृषि सहकारी संस्था र मेचीनगर–५ स्थित नकलबन्दा बचत तथा ऋण सहकारी संस्थाको अनुगमन गरिएको छ ।

अनुगमन गरिएकामध्ये आठ वटा सहकारीमा सञ्चालक समितिको वैठक नियमित नगरेको, विना धितो ऋण लगानी गरेको, कर्मचारीलाई नियुक्त पत्र नदिएको, तमसुकमा ऋण कार्यविधिको दफा उल्लेख नभएको, ऋण समितिले गरेको निर्णय ऋणिको फायलमा नराखेको, फायलमा स्वघोषणा अंशियारको सम्पति र ऋण स्वीकृति भएको पत्र नराखिएको, मासिक रिपोर्ट नबनाइएको, सूचना पार्टीनराखिएको, तोकिएको अवधिमा साधारणसभा नगरिएको, सदस्य शिक्षा कार्यक्रम नगरेको, कर्जा जोखिम कोषको व्यवस्था नगरिएको पाइएको थियो ।

सहकारी अनुगमन टोलीमा सहकारी समन्वय समितिका सदस्य दुर्गाप्रसाद सापकोटा, वीपी भट्टराई, जगन्नाथ भट्टराई र सदस्य सचिव कार्की रहेका थिए ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अग्निप्रसाद अधिकारीले स्थानीय सरकारलाई उपभोक्ताको अधिकार सुरक्षित गर्नका लागि अनुगमनको अधिकार दिइएको हुँदा बजार, सहकारी र अन्य क्षेत्रको अनुगमनलाई निरन्तर र प्रभावकारी बनाउने बताएका थिए ।

मेचीनगर नगरपालिकाकी उपप्रमुख मीना पोखरेल उप्रेतीको नेतृत्वमा रहेको बजार अनुगमन टोलीमा राजश्व शाखाका प्रमुख प्रेमप्रसाद पराजुली, खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय भद्रपुरकी खाद्य निरीक्षक सङ्गीता साह, जिल्ला प्रशासन कार्यालय झापाका नायव सुब्बा हरि खतिवडा, घरेलु तथा साना उद्योग कार्यालय भद्रपुरका नायव सुब्बा सुरेश गौतम, गुणस्तर तथा नापतौल कार्यालय भद्रपुरका नायव सुब्बा विजयनन्द चौधरी, मेची उद्योग बाणिज्य सङ्घका सदस्य विष्णु बुढाथोकीलगायत प्रहरीको सहभागिता रहेको थियो ।रासस

मुग्लिन पोखरा सडकः दमौली बजारस्थित बागबजार खण्डमा दोस्रो चरणको कालोपत्र सुरु



तनहुँ ।

मुग्लिन पोखरा सडक विस्तार अन्तर्गत तनहुँको सदरमुकाम दमौली बजारस्थित बागबजार खण्डमा दोस्रो चरणको कालोपत्र सुरु भएको छ । केही समय अगाडी सोही ठाउँमा पहिलो चरणको कालोपत्र सकिएपछि शुक्रबारदेखि दोस्रो चरणको कालोपत्र थालिएको हो ।

दमौली बजारकै मुख्यचोक, सफासडक चोक र तरकारी लाइन चोकमा पहिलो चरणको कालोपत्र भइसकेको छ । दमौली बजारमा अहिले एकतर्फी कालोपत्रको काम चलिरहेको मुग्लिन पोखरा सडक योजना पूर्वी खण्डका इन्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिए ।

पूर्वी खण्डका अन्य ठाउँमा कालोपत्रको काम अन्तिम चरणमा पुगेपनि दमौली खण्डमा घरटहरा हटाउन ढिलाई हुँदा काममा ढिलाई भएको थियो ।

यो खण्डको काम ८२ दशमलब ९५ प्रतिशत सकिएको आयोजनाले जनाएको छ ।

चार लेनतर्फ ३३ दशमलब ५६ र दुई लेनतर्फ ३.२ किलोमिटर दूरीमा अन्तिम कालोपत्र सकिएको छ ।

उनले भने, 'हालसम्म कालोपत्र भएको खण्डलाई दुई लेनमा हिसाब गर्दा ७३.११ किलोमिटर दूरी कालोपत्र भएको छ ।'

पूर्वी खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको छ । विसं २०२६ मा रेखाङ्कन भएको सडकमा सवारीको चाप बढ्दै गएपछि एसियाली विकास बैङ्क (एडीबी)को ऋण सहयोगमा सडक चार लेनको बनाउन लागिएको हो । पूर्वी खण्डको ठेक्का छ अर्ब २१ करोड ३१ लाख १३ हजार रुपैयाँमा लागेको छ ।रासस

चन्द्रागिरि नगरपालिकाको स्वैच्छिक मूल्याङ्कन कार्ययोजना ढाँचा प्रतिवेदन सार्वजनिक

काठमाडौँ

चन्द्रागिरि नगरपालिकाको दिगो विकास लक्ष्यको स्थानीय स्वैच्छिक मूल्याङ्कन प्रतिवेदन (नेपाली संस्करण) र कार्ययोजना ढाँचा सार्वजानिक गरिएको छ ।

चन्द्रागिरि नगरपालिकाका प्रमुख घनश्याम गिरीले 'चन्द्रागिरि नगरपालिकाको 'दिगो विकास लक्ष्यको स्थानीय स्वैच्छिक मूल्याङ्कन प्रतिवेदन'लाई संयुक्त राष्ट्र सङ्घमा प्रस्तुत गरिसकेका छन । नगरपालिकाले स्थानीय स्वैच्छिक मूल्याङ्कन प्रक्रियामा दिगो विकास लक्ष्य मध्ये राम्रो स्वास्थ्य र समृद्धि, समावेशी तथा समानता मूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता, लैङ्गिक समानता, स्वच्छ खानेपानी, सरसफाइ र दिगो शहर र समुदायजस्ता पाँचवटा क्षेत्रलाई मुख्य प्राथमिकता दिएको छ ।

यी प्राथमिकता प्राप्त लक्ष्य प्राप्तिका लागि नगरपालिकाको कार्यक्रमले सही बाटोमा हिँडाएको छ । नगरपालिकाले दिगो विकास लक्ष्यसँग तालमेला मिलाइएको बजेट साङ्केतिकरणको अभ्यास थालिनीसमेत गरिसकेको छ । यो अभ्यास एशिया प्रशान्त क्षेत्रमा नै एक नवप्रवर्तनीय अभ्यास मानिएको छ ।

नगरपालिकाको सभाकक्षमा हालै आयोजित कार्यक्रममा चन्द्रागिरि नगरपालिका प्रमुख घनश्याम गिरी,



प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र थापा मगर, युएन ह्याविट्याटका प्रतिनिधि प्रज्ञा प्रधान लगायतले 'दिगो विकास लक्ष्यको स्थानीय स्वैच्छिक मूल्याङ्कन प्रतिवेदन' (नेपाली संस्करण) र कार्ययोजना ढाँचा सार्वजनिक गरे ।

सो अवसरमा नगरप्रमुख गिरीले समृद्धिको आधार भौतिक पूर्वाधारका साथ साथमा आर्थिक, सामाजिक र प्रविधियुक्त समाज भएको बताए । उनले भने, 'मैले चन्द्रागिरि नगरपालिकाको दिगो विकास लक्ष्यको स्थानीय स्वैच्छिक मूल्याङ्कन प्रतिवेदन संयुक्त राष्ट्र सङ्घमा प्रस्तुत गरिसकेको छु । दिगो विकासका विभिन्न लक्ष्यमध्ये पाँचवटा क्षेत्रमा नगरपालिकाले उच्च प्राथमिकता दिएको छ । लक्ष्य प्राप्तिका लागि नगरका नीति, कार्यक्रम र बजेट केन्द्रित छन् ।'

सो अवसरमा प्रमुख प्रशासकीय अधिकृत सुरेन्द्र थापा मगरले दिगो विकास लक्ष्यलाई हाँसिल गर्न नगरका नीति, कार्यक्रम र बजेट केन्द्रित रहेको जानकारी दिए । सोही अवसरमा युएन ह्याविट्याटका प्रतिनिधि प्रधानले 'दिगो विकास लक्ष्यको स्थानीय स्वैच्छिक मूल्याङ्कन प्रतिवेदन'को महत्वका बारेमा जानकारी दिएका थिए ।

कार्यक्रममा नगरपालिकाका विभिन्न वडाका वडाध्यक्ष, कार्यपालिका सदस्य, शाखा प्रमुखहरुको उपस्थिति रहेको थियो भने कार्ययोजना ढाँचाका बारेमा पनि प्रस्तुति गरिएको थियो ।रासस

पहिरोले घरबारविहीन बनेका छितिजको परिवारलाई नयाँ घर

खोटाङ ।

केपिलासगढी गाउँपालिका–७ सुङ्देलका १७ वर्षीय छितिज राईले पाँच वर्ष पहिले बुबा गुमाएका थिए । बाह्र वर्षको कलिलो उमेरका छँदा नै बुबा गुमाउनुभएका छितिजकी आमा (४५ वर्षीया) शारदा राई शारीरिक तथा मानसिक दुवैमा कमजोर छन ।

बुबाको अप्राकृति मृत्युपछि आमा र तीनजना नाबालक भाइबहिनीको हेरचाह गर्ने जिम्मेवारी छितिजको काँधमा आइपरेको छ । ठूली बहिनी दीपा राई कक्षा ७, निशा कक्षा ५ र कान्छा भाइ मुस्कान कक्षा ३ मा अध्ययनरत छन् ।

भाइबहिनीको पठनपाठनसँगै आफूसमेत कक्षा १० मा अध्ययनरत छितिजको घर गत असार ९ गतेदेखि सुरू भएको भारी वर्षासँगै आएको पहिरोले पु¥यो । सुङ्देलस्थित भीरखर्कमा रहेको घर तथा घरमा भएका सम्पूर्ण सामग्री पहिरोमा पुरिएपछि छितिज पाँचजनाको परिवार आफन्तकामा आश्रय लिएर बस्दै आएको थियो ।

पहिरोले घर तथा घरमा भएका सम्पूर्ण सामग्री गुमेपछि विचल्लीमा परेका छितिजको परिवारलाई स्थानीयले चन्दा सङ्कलन गरेर निर्माण गरिएको घर हस्तान्तरण गरिएको छ । स्थानीय देवानसिं कोयी राईले खाजु भन्ने ठाउँमा निःशुल्क उपलब्ध गराएका एक रोपनी १३ आना जग्गामा करिब नौ लाख रुपैयाँ खर्चेर निर्माण गरिएको ढुङ्गामाटोको गाह्रो तथा जस्तापाताको छाना भएको दुईतले घर शुक्रबार औपचारिक रुपमा छितिजको परिवारलाई हस्तान्तरण गरिएको हो ।

देश तथा विदेशमा रहेका आफन्तबाट सङ्कलन गरिएको चन्दा तथा श्रमदानबाट निर्माण गरिएको घर गाउँपालिका प्रमुख समिर राईको उपस्थितिमा छितिजको परिवारलाई हस्तान्तरण गरिएको संयोजनकर्ता एवं सूर्य माध्यमिक विद्यालयका प्रधानाध्यापक ललितचन्द्र कोयी राईले जानकारी दिए । 'पहिरोले घर तथा घरमा भएका सम्पूर्ण सामग्री पुरेपछि विचल्लीमा परेका छितिजको परिवार आफन्तकामा आश्रय लिएर बसिरहेका थिए । उनीहरुका लागि गाउँपालिका, हङकङ र बेलायतमा सङ्कलन गरिएको चन्दाबाट घर निर्माण गरिदिएका हौँ, उने भने, 'यो अभियान सफल पार्नका लागि सबैको साथ र सहयोग महत्वपूर्ण रह्यो । अभियानमा सहयोग गर्नुहुने सबैमा हार्दिक धन्यवाद ! छितिजको परिवारलाई उज्ज्वल भविष्यको कामना व्यक्त गर्दछु ।'

पहिरोपीडित छितिजको परिवारका लागि घर निर्माण गर्न कोयी राई समाज खोटाङको संयोजनमा सञ्चालन गरिएको चन्दा सङ्कलन अभियानमा हङकङबाट हितबहादुर कोयी राईको पहलमा तीन लाख ५० हजार रुपैयाँ, बेलायत (युके)बाट कृतबहादुर कोयी राईको पहलमा एक लाख ५० हजार रुपैयाँ र केपिलासगढी गाउँपालिकाले एक लाख ५० हजार रुपैयाँ उपलब्ध गराएको जनाइएको छ ।रासस

वर्तमान गठबन्धन सरकार अपवित्रः त्रिपाठी



राकेश यादव
गौर ।
जनता प्रगतिशील पार्टी नेपालका अध्यक्ष एवम् पूर्वमन्त्री हृदेश त्रिपाठीले वर्तमान गठबन्धनको सरकार अपवित्र र लोकतन्त्रको मूल्यमान्यता विपरीतको रहेको टिप्पणी गरेका छन् ।
शनिबार रौतहट सदरमुकाम गौरमा पार्टी कार्यकर्तासँगको भेटघाटक्रममा पूर्व संघीय मन्त्री त्रिपाठीले काण्डैकाण्डले भरिएको नेपाली कांग्रेस र नेकपा एमालेको सरकार रहेको बताए । प्रमुख दल र प्रतिपक्षको राजनीतिक दल कुनै मुलुकमा मिलेर सरकार बनाउने परिपाटी नभएको तर नेपालमा भ्रस्टाचार र अनियमितता ढाकछोप गर्न दुवै ठूला दलले गठबन्धन गरेर सरकार बनाएको टिप्पणी गरे ।
संविधान संशोधनको कुरा गरे पनि संविधान संशोधन गर्ने नियत सरकारको नदेखिएको उनले दाबी गरे । उनले भने, 'संविधानको स्वामित्व लिन नसक्दा संविधान लावारिश अवस्थामा पुगेको छ ।' गएको चैत महिनामा घोषणा भएको संघीय लोकतान्त्रिक मोर्चा मधेशवादी दलको मधेशमा एक पक्षमा बनाउनु पर्ने उद्देश्य रहेको उनले प्रस्ट पारे ।
अध्यक्ष त्रिपाठीले मधेशवादी दल विभाजन भएका कारण कमजोर बन्दै गएको जिकिर गरे । मधेशी जनताले आन्दोलनको बलमा पहिचान बनाउन सफल भए पनि शासक वर्गको कारण संघीयता पूर्णरुपमा बलियो हुन नसकेको उल्लेख गरे । मुलुकमा भ्रस्टाचार, अस्थिरता, बेथिति चरम सीमामा रहेका कारण राजावादीको प्रतिक्रिया बढ्दै गएको बताए । आन्दोलनबाट विस्थापित गरिसकिएको राजसंस्था पुनः फर्किने कुरो सपना मात्र भएको उनले दाबी गरे ।
राजनीतिक दलको रवैयाका कारण दलहरूप्रति वितृष्णा फैलिदै गएको बताउँदै उनले अब नयाँ युवापुस्तामा नेतृत्व हस्तानन्तरण गर्नु पर्ने धारणा राखे । उनले भने, 'चेतनाको समस्या छ, विश्वासको संकट पनि हटाउनु पर्छ ।' संघीय संरचना पनि केही फेरबदल गर्नु पर्ने उनले थपे । संघीय सरकारपछि स्थानीय सरकार सबल र बलियो बनाइएकाले बेथिति सृजना भएको उनको कथन छ । अम्बिका यादवको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीका वरिष्ठ उपाध्यक्ष डाक्टर शिवजी यादवले घोषणा भएको मोर्चाको उद्देश्यबारे जानकारी गराएका थिए ।



कृषि औजारः राष्ट्रिय आविष्कार केन्द्रले वीरगंजस्थित कृषि औजार कारखानामा अनुसन्धान र विकास गरेका विभिन्न कृषि औजार तथा उपकरण । केन्द्रले पछिल्लो समय एक दर्जनभन्दा धेरै औजार अनुसन्धान तथा विकास गरेर बिक्री वितरण थालेको छ । तस्बिरः रासस

समृद्ध नेपाल भारतको चाहनाः मन्त्री

मधेशदृष्टि
जनकपुरधाम ।
भारत, बिहार सरकारका पञ्चायती राज विभागका मन्त्री केदार प्रसाद गुप्ताले नेपाल भारतको सच्चा छिमेकी मित्र राष्ट्र भएकाले समृद्ध नेपाल भारतको चाहना भएको बताएका छन् । कानु समाज नेपाल धनुषाद्वारा जनकपुरधाममा आयोजित शपथग्रहण तथा सम्मानमा भारतीय मन्त्री गुप्ताले नेपालको समृद्धि र विकासका यात्रामा भारत सरकार सबै प्रकारको सहयोगका लागि तयार रहेको बताउँदै भारतका प्रधानमन्त्री नरेन्द्र मोदी र बिहारका मुख्यमन्त्री नीतिश कुमार सिंह नेपालको विकासका विषयमा सधैं चिन्तित रहेको बताए ।
मन्त्री गुप्ताले नेपाल सदियौंदेखि विश्वको एक मात्र हिन्दू राष्ट्र कायम रहेकालाई निहित स्वार्थ पूर्ति गर्नका लागि संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको नाममा धर्म निरपेक्ष गर्नु राष्ट्र हितविपरीत रहेको बताए ।
उनले नेपालमा प्राकृतिक सम्पदाको प्रचुरता रहेकोले समृद्धिको अपार सम्भावना रहेको बताए । कानु समाज नेपालका केन्द्रीय अध्यक्ष किशोरी साह कानु, गोविन्द सेवा समिति बेलाका अध्यक्षसमेत रहेका जनकपुरधाम वडा नम्बर २३ का वडाअध्यक्ष राघवेन्द्र साह, प्रा. रमेश साह, जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी, समाजका संस्थापक अध्यक्ष दशरथ साहसहितका वक्ताहरूले कानु समाजको उत्थान तथा राष्ट्रिय मूलधारमा ल्याउनका लागि जातीय जनजागरण अभियानमा जुट्न आग्रह गरे ।
जनकपुर नगर समितिका अध्यक्ष शङ्कर प्रसाद साह नेतृत्वको २५ सदस्यीय नयाँ



कार्यसमिति र कानु समाजका युवा मञ्चका अध्यक्ष सन्तोष साहको नेतृत्वमा निर्वाचित २१ सदस्यीय कार्यसमितिका पदाधिकारीलाई शपथग्रहण गराइएको थियो ।
समारोहमा समाजसेवी वडाध्यक्ष राघवेन्द्र साहले महामना राजेश्वर नेपालीको योगदानमा आधारित १ हजार ३ सय पृष्ठको महामना राजेश्वर नेपाली अभिनन्दन ग्रन्थ प्रदान गरेर मन्त्री गुप्तालाई सम्मान गरेका थिए । मन्त्री गुप्ताले बेलास्थित बाबा गनिनाथ गोविन्द मन्दिर, जनकपुरधामस्थित जानकी मन्दिर, राम मन्दिर, राजदेवी मन्दिरमा विधिवत दर्शन पूजन गरेका थिए ।
समारोहमा कानु समाज नेपालका वरिष्ठ पत्रकार श्रीनारायण साह, कमल साह, मान्यजन,जेठरैत, डाक्टर, इन्जिनियर, प्राचार्य, राजनीतिकर्मी, समाजसेवी, सेवानिवृत्त कर्मचारीलगायतका विशिष्ट व्यक्तित्वलाई सम्मानित गरिएको थियो । धनुषा, महोत्तरी जिल्लाको कानु समाज नेपालका प्रतिनिधिको सहभागिता थियो ।

कार्यालयहरुको पुँजीगत खर्चमा न्यूनता

मधेशदृष्टि
वीरगंज ।
पर्साका सरकारी कार्यालयहरुको विकास निर्माण लक्षित पुँजीगत खर्च न्यून देखिएको छ । चालु आर्थिक वर्ष २०८१–८२ मा पर्साका सरकारी कार्यालयहरुका लागि दुई अर्ब ७३ करोड रुपैयाँ पुँजीगत खर्च विनियोजन गरिएकोमध्ये चैत मसान्तसम्मको अवधिमा भने २७ दशमलव ९६ प्रतिशतअर्थात् ७६ करोड ६० लाख रुपैयाँ मात्रै खर्च भएको छ ।
कोष तथा लेखा नियन्त्रक कार्यालय पर्साका प्रमुख कोष नियन्त्रक मनोजकुमार जोशीले पर्साका सरकारी कार्यालयले अपेक्षाकृत ढङ्गले पुँजीगत खर्च गर्न नसकेको बताए ।
उनले पुँजीगत खर्च गरेर विकास निर्माणका कार्यलाई अघि बढाउन अनुरोध गरे ।
पर्साका सरकारी कार्यालयका लागि चालु आर्थिक वर्षमा चालु खर्चतर्फ १० अर्ब ६२ करोड रुपैयाँ विनियोजनमध्ये ६४ दशमलव ८९ प्रतिशत अर्थात् ६ अर्ब ८९ करोड रुपैयाँ खर्च भएको छ । पर्साका सरकारी कार्यालयले चालु आर्थिक वर्षको चैत मसान्तसम्मको अवधिमा १ खर्ब ६१ करोड रुपैयाँ राजस्व संकलन गरेका छन् ।
यहाँका सरकारी कार्यालयले गत आर्थिक वर्षको यही अवधिमा १ खर्ब ५१ करोड रुपैयाँ राजस्व संकलन गरेका थिए । पर्सामा संघीय सरकार मातहतका करिब ६० भन्दा धेरै कार्यालयहरु छन् ।

एमालेको शपथ १८ गते

मधेशदृष्टि
वीरगंज ।
नेकपा एमाले वीरगंज महानगर कमिटीको दोस्रो अधिवेशनबाट निर्वाचित पदाधिकारीको शपथग्रहण वैशाख १८ गते हुने भएको छ ।
नेकपा एमालेका सचिव एवम् पूर्वमन्त्री योगेश भट्टराईको प्रमुख आतिथ्यमा शपथ ग्रहण कार्यक्रम हुने एमाले वीरगंज महानगरका इन्चार्ज बिचारी यादवले जानकारी दिए । कार्यक्रममा पोलिटब्युरो सदस्य एवम् मधेश प्रदेशका इन्चार्ज लिलानाथ श्रेष्ठलगायतका नेताहरुको उपस्थिति रहने छ ।

राष्ट्रिय कृषि कम्पनीको मधेश प्रदेश शाखा उद्घाटन

मधेशदृष्टि
जनकपुरधाम ।
राष्ट्रिय कृषि कम्पनी नेपाल लिमिटेडको मधेश प्रदेश, जनकपुरधाम, भानु चोकमा अवस्थित प्रादेशिक शाखा कार्यालयको उद्घाटन भएको छ ।
कार्यक्रम मधेश प्रदेशका मुख्यमन्त्री सतिश कुमार सिंहको प्रमुख आतिथ्यतामा भएको हो ।
कम्पनीका कार्यकारी अध्यक्ष विशाल हुमागाईंको सभापतित्वमा सम्पन्न कार्यक्रममा मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका रजिष्ट्रार डाक्टर विनोद कुमार यादव, जनकपुर उद्योग वाणिज्य संघका अध्यक्ष सुरेन्द्र भण्डारी, समाज विकास तथा वातावरण सुधार नेपालका



अध्यक्ष प्रा.डा. मनोज हुमागाईं, कम्पनीका सञ्चालक सुदीप सापकोटा तथा मधेश प्रदेश प्रमुख रविन्द्र पजियार अतिथि थिए ।
उद्घाटन समारोहमा कम्पनीले समाज विकास तथा वातावरण सुधार नेपालसँगको सहकार्यमा निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेको थियो ।
मुख्य मन्त्री सिंहले मधेशलगायत समग्र देशको कृषि अवस्था सुधार तथा किसानको जीवनस्तर उकास्न निजी क्षेत्रसँगै सरकारी निकायले पनि सहकार्य गर्नुपर्नेमा जोड दिए । उनले कृषि क्षेत्रमा आधुनिकीकरण र किसान सशक्तिकरणका कार्यक्रमलाई प्राथमिकता दिनुपर्ने बताए । सिंहले कृषिमा नेपाल सरकारले सहयोग अनुदान नगरेको होइन उचित किसानकहाँ सहयोग नपुगेकै हो भन्दै मधेश प्रदेश माछामा आत्मनिर्भर भएको बताउँदै खुसी व्यक्त गरेका थिए ।
कम्पनीका अध्यक्ष हुमागाईंले देशमा व्याप्त बिचौलियाका कारण किसानले उत्पादनको उचित मूल्य नपाएको र उपभोक्ताले उपभोग्य वस्तुको चर्को मूल्य तिर्नुपरेको अवस्थालाई सम्बोधन गर्न कम्पनीले किसान र उपभोक्तालाई जोड्ने पुलको रूपमा कार्य गरिरहेको जानकारी दिए । उनले कम्पनीलाई यो अवस्थासम्म ल्याउन सहयोग गर्ने सम्पूर्ण कर्मचारी, शुभचिन्तक र जनकपुर उद्योग वाणिज्य संघलाई धन्यवाद ज्ञापन गरे ।

दूधमतीमा वैशाख २२ गते आरती हुने

मधेशदृष्टि
जनकपुरधाम ।
जानकी नवमीको अवसरमा एतिहासिक महत्व बोकेको दूधमती नदीको सरसफाइ गरिएको छ । सीताको जन्मसँग जोडिएको ऐतिहासिक नदीमा जमेका माटो निकालिएको छ भने श्रध्दालुको स्नानको लागि पानीको व्यवस्थापन गरिएको छ ।
सफाइ अभियानी सुदिप मण्डलले सीता जन्मको अवसरमा यहाँ भव्यरूपमा दूधमती आरती हुने र यसको तयारी गरिएको जानकारी दिए । उनले वैशाख २२ गते दूधमति आरती हुने र २३ गते सीता जन्म महोत्सवको अवसरमा साधुसन्तको सहभागितामा शाहीस्नान गरिने बताए ।



दूधमती स्नानको निकै महत्व रहेको धार्मिक ग्रन्थमा उल्लेख छ ।
त्यसैगरी सफाइ अभियानी एवम् पर्यावरण अभियानी सुरेश शर्माले दूधमती नदी ऐतिहासिक महत्त्वको रहेको कारण यसको सफाइ गरिएको जानकारी दिए । उनले भने, 'दूधमती नदी, नदी मात्र नभएर मिथिलाको सभ्यतासमेत हो, यसको संरक्षण र सम्बर्धन हुनुपर्छ ।' जनकपुरधाममा धुमधामका साथ जानकी नवमी मनाउने गरिन्छ ।

जनमतको बैठक जिल्लाका कार्यक्रममा केन्द्रित

मधेशदृष्टि
वीरगंज ।
जनमत पार्टी वीरगंज महानगर समितिको बिस्तारित बैठक भएको छ ।
जिल्ला पार्टी कार्यालयमा बैठक भएको अध्यक्ष ओम प्रकाश सर्राफले बताए ।
बैठकले १४ दिनपछाडि पार्टी अध्यक्ष डा. सिके राउतको उपस्थितिमा हुने कार्यक्रमलाई भव्यरुपमा गर्ने निर्णय गरेको छ ।
वैशाख २७ गते जिल्लाको विभिन्न ठाउँमा राखिएको कार्यक्रम शान्तिपूर्णरुपमा गर्ने निर्णय गरेको जनमत पर्सा अध्यक्ष सर्राफले जानकारी दिए ।
उनका अनुसार वैशाखको अन्तिम साता जिल्लाको विभिन्न पालिकामा कार्यक्रम राखिएको छ, त्यसको व्यवस्थापन र तयारीबारे बैठक बसेर सामूहिक छलफल गरिएको हो ।
महानगरको अध्यक्ष महादेव शर्माको अध्यक्षतमा सम्पन्न बैठकमा केन्द्रीय सदस्यहरु श्याम गुप्ता, रम्भा मिश्र, अनुराग द्विवेदी, अनिता रौनियार, नजमा खातुन, सन्तोष साह, जिल्ला उपाध्यक्ष अमरनाथ सिह राठौरसहित ३२ वटै वडाका इकाइ अध्यक्षको सहभागिता थियो ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन